का.जि.प्र.का.द.नं. १००/०५९/६०


३१ साउन २०८२
शनिबार
16 August 2025
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १९५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# दृष्टिबिना संसार देखिरहेका गौतम

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ३० साउन

सुन्धारास्थित नेपाल टेलिकमको कार्यालय । कार्यालयको सेल्स डिपार्टमेन्ट । जहाँ छन्, ढोकाबाटै देखिने दुई/तीनवटा क्याबिन । तीमध्ये ढोकाछेउकै क्याबिनको कुर्सीमा बसेर कम्प्युटर चलाइरहेका छन् एक जना पुरुष, बिनामाउस । कम्प्युटरको स्क्रिनमा भइरहेको गतिविधि केवल उनका हातका औंलामा निर्भर छ । औंलाको चलाइसँगै आउने ध्वनिले बताइरहेको छ, के हुँदै छ स्क्रिनमा भनेर ।

सामान्य मानिसजस्तै टेलिकमका ग्राहकका गुनासालाई क्षणभरमै मेटाउन सक्ने खुबी भएका ती व्यक्ति हुन् गौतम पोखरेल । स्याङ्जाको पुतलीबजार नगरपालिका-४ मा २०५० सालमा बुबा टेकनाथ पोखरेल र आमा देवी पोखरेलको जेठो सन्तानका रूपमा जन्मेका उनी जन्मजात रूपमा दृष्टिविहीन हुन् । दृष्टिविहीन भए पनि उनको आँट र काम गराइले उनलाई आज टेलिकमको सहायक प्रशासकीय अधिकृत बनाएको छ ।

### अशक्ततालाई तागत बनाएका गौतम

जन्मजात रूपमै आँखा नदेखे पनि सानैबाट आफू फुर्तिलो स्वभावको भएको गौतम बताउँछन् । उनलाई नयाँ कुरा जान्न खुब इच्छा हुन्थ्यो । पढ्न मन पराउँथे । तर आँखाकै समस्याका कारण केही विद्यालयहरूले भर्ना नलिएको तितो अनुभव पनि उनीसँग छ । भन्छन्, 'चार/पाँच वर्षको उमेरतिर विद्यालय >>> पृष्ठ २ मा

### चाख लाग्दो त्यो अन्तर्वार्ता

गौतमलाई टेलिकममा काम गर्न थालेको ६ वर्ष भयो । उनले चौथो तहमा अपांग कोटाबाटै परीक्षा दिएका थिए । लिखितमा राम्रो अंकमा नाम निस्किएको थियो । तर अन्तर्वार्तामा फालिन्छु कि भन्ने डर उनको मनमा थियो । तर जब उनी अन्तर्वार्ता दिन गए । अन्तर्वार्ता लिनेहरू उनलाई देखेर दङ्ग गरे । हरेक प्रश्नको उत्तर फटाफट । यति मात्र नभई एक जनाले 'नेपाल टेलिकममा सहायक लेभलको कर्मचारीले के काम गर्नुपर्छ, त्यसमा तपाईंले चाहिँ के काम गर्नुहुन्छ ?' भन्ने प्रश्न सोधे । >>> पृष्ठ २ मा

# बुढाको काँधमा नेकपा एस

*कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्नेगरी पार्टी बनाउने उद्देश्य राखेर नेकपा एमाले विभाजन गरेर बनेको नेकपा एकीकृत समाजवादी पार्टी जीवनको चार वर्षमै आन्तरिक संघर्षको चरम उत्कर्षमा छ । माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेवलगायतका नेता नेतृत्वमा रहनुले पनि युवा पुस्ताका नेताहरूलाई उत्साह दिन सकिरहेको छैन ।*



*नेतृत्वकै कारण पार्टी गम्भीर संकटको डिलमा छ । हामीजस्ता धेरै नेताहरूलाई पार्टीका केही नेताहरूले पाखा लगाउनुभएको छ ।*

■ **प्रेम आले**
**नेता, नेकपा एस**



**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, ३० साउन

नयाँ राजनीतिक दलका रूपमा निर्वाचन आयोग नेपालबाट २ भदौ २०७९ मा पार्टीको मान्यता पाएको नेकपा एकीकृत समाजवादी तीन जना बुढा नेताको हातमा परेको छ । पार्टीको प्रमुख पद अध्यक्षमा माधव नेपाल छन् भने दोस्रो वरीयता सम्मानित नेता झलनाथ खनाल र तेस्रो वरीयतासहित केन्द्रीय विभागहरूको संयोजन वामदेव गौतमले पाएका छन् ।

नेकपा एमालेमा अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरेको र पार्टीभित्र एकलौटी गर्दै फरक दृष्टिकोण राख्ने नेतालाई पाखा लगाउने नीति लिएको भन्दै एमाले परित्याग गरी माधव नेपालको नेतृत्वमा नेकपा एस गठन गरेका थिए । त्यसबेला एमालेका दर्जन बढी सांसद र केन्द्रीय कमिटीमा रहेका नेताहरू माधवसँग थिए । पार्टी स्थापनाको समयमा अध्यक्ष नेपाललाई डोऱ्याउँदै निर्वाचन आयोग लैजाने रामकुमारी झाँक्री, किसान श्रेष्ठ, प्रेम आलेसहितका युवा नेताहरू अहिले पार्टीमा निष्क्रिय छन् ।

सो पार्टीमा रहेका युवाहरू बाहिरिनेक्रम त्यत्तिकै छ । पछिल्लोपटक एमालेमै फर्कने युवाहरूसमेत कम छैनन् । वामदेव गौतम नेतृत्वको नेकपा एकता राष्ट्रिय अभियानबीच २ साउनमा एकता घोषणा भएको थियो । पार्टीलाई नयाँ नीति तथा कार्यक्रमसहित जनतामाझ लैजाने र एमालेसँग प्रतिस्पर्धी बनाउने उद्घोष गरेका नेताहरूले एमालेमै जीवन बिताएका माधव र झलनाथ पछि उनीहरूकै सहयात्री वामदेवलाई भित्र्याएका हुन् । यससँगै नेकपा एस वृद्धहरूको कब्जामा पुगेको छ । पार्टीको महाधिवेशनदेखि असन्तुष्ट बनेका केही युवा नेताहरू निष्क्रिय रहनु र कतिपयले पार्टी परित्याग गर्दा नेकपा एसमा युवाहरूको संख्या घट्दो छ । युवा आकर्षण गर्नुपर्ने नेतृत्वले >>> पृष्ठ २ मा

# बनेन चोलेन्द्रको पेन्सनपट्टा

## प्रतिनिधि सभा विघटन बदरको फैसलामा हस्ताक्षर गर्न इन्कार

*महाअभियोगउपर प्रतिनिधि सभाबाट निर्णय नभएको देखाएर सर्वोच्च अदालतले चोलेन्द्रशमशेरको पेन्सनपट्टाको काम अघि बढाइदिएको छैन । पेन्सनपट्टा नहुँदा राज्यले दिने सुविधा नपाएको भनेर चोलेन्द्रशमशेरले पनि पदमा बहाल रहँदा गरेको फैसलाको पूर्ण पाठमा हस्ताक्षर गरिरहेका छैनन् ।*



**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ३० साउन

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले अनिवार्य अवकाश पाएको ३२ महिना भयो । २७ मंसिर २०७९ मा उनले उमेर हदका कारण अनिवार्य अवकाश पाएका थिए । प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतको न्यायाधीशले ६५ वर्ष पुगेपछि अवकाश पाउने संवैधानिक व्यवस्था छ । यसै व्यवस्थाबमोजिम अनिवार्य अवकाश पाएका चोलेन्द्रशमशेरको पेन्सनपट्टा ३२ महिनासम्म बन्न नसकेको हो । कारण- उनले निलम्बित प्रधानन्यायाधीशका रूपमा रहेकै बेला उमेर हदका कारण अनिवार्य अवकाश पाएका थिए ।

१ फागुन २०७८ मा चोलेन्द्रशमशेरविरुद्ध प्रतिनिधि सभामा महाअभियोग प्रस्ताव दर्ता भएको थियो । महाअभियोग प्रस्ताव दर्ता भएलगत्तै चोलेन्द्रशमशेर निलम्बनमा परेका थिए । सो महाभियोगउपर प्रतिनिधि सभाले कुनै निर्णय नगर्दै प्रतिनिधि सभाको कार्यकाल सकियो । चोलेन्द्रशमशेरको महाअभियोगउपर कुनै निर्णय भएन । महाअभियोगउपर प्रतिनिधि सभाबाट कुनै निर्णय नभएको भनेर सर्वोच्च अदालतले चोलेन्द्रशमशेरको पेन्सनपट्टाको काम अघि बढाइदिएको छैन । परिणाममा चोलेन्द्रशमशेर पूर्वप्रधानन्यायाधीशको हैसियतमा राज्यबाट प्राप्त गर्ने सेवा सुविधाबाट वञ्चित रहेका छन् ।

राज्यबाट प्राप्त गर्ने सेवा सुविधा नपाएपछि किन काम गर्ने ? यो प्रश्न अहिले चोलेन्द्रशमशेर गरिरहेका छन् । पदमा बहाल रहँदा गरेको फैसलाको पूर्ण पाठमा हस्ताक्षर गरिरहेका छैनन् ।

चोलेन्द्रशमशेरले पदमा रहँदा गरेको फैसलाको पूर्ण पाठमा हस्ताक्षर नगरेपछि हस्ताक्षर गराउने आदेशका लागि सर्वोच्च अदालतमै रिट निवेदन पुगेको नै पुगेको थियो । आफैंले गरेको फैसलामा हस्ताक्षर नगरेर चोलेन्द्रशमशेरले न्यायमा अवरोध गरेको आरोप लगाउँदै निवेदन पुगेको हो ।

चोलेन्द्रशमशेरले हस्ताक्षर नगरेको एउटा फैसला हो- ५ पुस, २०७७ मा भएको प्रतिनिधिसभा विघटनको निर्णयविरुद्ध सर्वोच्च अदालतको संवैधानिक इजलासले ११ फागुन, २०७७ मा गरेको प्रतिनिधिसभा विघटनको निर्णय बदर हुने फैसला ।

हालका प्रधानमन्त्री केपी शर्मा ओली नै त्यसबेला प्रधानमन्त्री थिए । सो कार्यकालमा प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेका थिए । सर्वोच्च अदालत प्रशासनका अनुसार सो फैसलाको पूर्ण पाठ तयार भएको छ । तर, तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेरले हस्ताक्षर गर्न मानिरहेका छैनन् ।

यस्तो अप्ठ्यारो भविष्यमा फेरि आउन नदिन भनेर प्रतिनिधि सभा नियमावली २०७९ मा केही सर्त राखिएका छन् । सर्तअनुसार प्रतिनिधिसभामा दर्ता हुने कुनै पनि महाअभियोग पाँच महिनाभित्र टुंगो लगाउनुपर्नेहुन्छ । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विषाक्त मदिरा सेवनबाट कुवेतमा ९ नेपालीको मृत्यु

## ३५ जना अस्पतालमा, १५ को अवस्था गम्भीर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० साउन

विषाक्त मदिरा सेवनबाट कुवेतमा शुक्रबार साँझसम्म नौ जना नेपाली कामदारको मृत्यु भएको छ । मदिरा सेवनबाट अशक्त बनेका नेपालीसहित ठुलो संख्यामा आप्रवासी कामदारलाई अस्पताल भर्ना गरिएको छ ।

कुवेतस्थित नेपाली दूतावासका श्रम सहचारी गिरिप्रसाद आचार्यले उक्त घटना भएपछि शुक्रबार सँझसम्म नौ जना नेपालीको ज्यान गएको खबर आएको जानकारी दिए । नेपाली दूतावासले शुक्रबार साँझ जारी गरेको विज्ञप्तिमा नेपालीको मृत्यु भएको उल्लेख भएपनि कति जनाको मृत्यु भएको संख्या उल्लेख गरेको छैन ।

विज्ञप्तिमा कुवेतमा केही दिन पहिले विषादीयुक्त मदिरा सेवनका कारण भएको भनिएको दुःखद् घटनामा करिब ३५ जना नेपाली नागरिक अस्पताल भर्ना भएको जानकारी प्राप्त भएको उल्लेख छ । निजहरूमध्ये केहीको मृत्यु भएको जानकारी पनि दूतावासमा प्राप्त भएको र केहीको गम्भीर अवस्थामा उपचार भइरहेको विज्ञप्तिमा उल्लेख छ । केही बिरामीहरू विभिन्न अस्पतालमा सामान्य अवस्थामा उपचाररत रहेको पनि दूतावासले बताएको छ ।

विकसित दुःखद् घटनाको जानकारी प्राप्त हुनासाथ दूतावासबाट राजदूतलगायत अन्य कर्मचारीहरूले तुरुन्त विभिन्न अस्पताल भ्रमण गरी नेपाली बिरामीहरूको अवस्थाका बारेमा जानकारी लिएको भन्दै दूतावासले यस सम्बन्धमा दूतावास सम्बन्धित अस्पताल र कुवेतको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूसँग निरन्तर सम्पर्कमा रही अस्पतालमा उपचाररत बिरामीहरूको उचित उपचारका लागि >>> पृष्ठ २ मा

### साउदीबाट श्रम वैधानिकीकरण सुरु

**अन्जान गुभाजु / मध्यान्ह**
साउदी, ३० साउन

श्रम स्वीकृति नलिई साउदी अरेबियामा कार्यरत नेपाली श्रमिकहरूको शुक्रबारदेखि श्रम वैधानिकीकरण गर्ने प्रक्रिया सुरु भएको छ । शुक्रबार रियादस्थित नेपाली दूतावासले आयोजना गरेको एक कार्यक्रममा आठ वर्षदेखि रियादमा कार्यरत अजय दंगालको बायोमेट्रिक लिएर साउदीका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालले श्रम वैधानिकीकरण औपचारिक रूपमा सुरु गरे ।

कार्यक्रमलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले जुनसुकै माध्यमबाट गएको भएपनि विदेशमा काम गर्ने श्रमिकलाई वैधानिकीकरण गर्ने >>> पृष्ठ २ मा


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL THIQA RESTAURANTS COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०४/३० — चलानी नं.: ६०२४३२०३ — LT. No.:329434

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steward | 10 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४५,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Service Crew | 15 | 15 | | 125 | ५७,२२५ | | | | | | | |
| 3. | Waiter/Waitress | 15 | 15 | | 140 | ६४,०९२ | | | | | | | |
| 4. | Kitchen Commis | 30 | 0 | | 140 | ६४,०९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ७ गते (23 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABiBi International Recruitment Pvt.Ltd.
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

मध्यान्ह
www.madhyanhadaily.com
३१ साउन २०८२ शनिबार
16 August 2025 Saturday

# समावेशी लोकतन्त्र बनाउन कांग्रेस दृढ : देउवा




**काठमाडौं/मस–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कांग्रेसको नेतृत्वमा प्राप्त भएका गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशीताको प्रभावकारी कार्यान्वयनमा नेपाली कांग्रेस दृढ रहेको बताएका छन् ।

शुक्रबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले नेपाली कांग्रेसकै नेतृत्वमा रहेको सरकारले निरंकुश राणा शासनकोविरुद्ध आवाज बुलन्द गरी शाहदत प्राप्त गरेको क्याप्टेन लखन थापा मगरलाई प्रथम शहीद घोषणा गरेको तथ्य स्मरण गराए । उनले नेपाली काँग्रेसको नेतृत्वमा प्राप्त भएको ऐतिहासिक उपलब्धीहरू गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशीताको प्रभावकारी कार्यान्वयनमा नेपाली कांग्रेस दृढ रहेको बताए ।

मगर समुदाय लगायत आदिवासी, जनजातिले अहिले प्राप्त गरेको उपलब्धीलाई जोगाउनु र अझै समावेशी लोकतन्त्र बनाउन कांग्रेस दृढ रहेको रहेको उल्लेख गरे । मगर लगायत आदिवासी समुदायको परम्परागत, ज्ञान, सीप र पेशाको सुरक्षा प्रवर्द्धन गर्दै जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न नेपाली काँग्रेस आदिवासी जनजातिसँग सहकार्य गर्न तयार रहेको बताए ।

सभापति देउवाले भने, 'नेपाली काँग्रेसकै नेतृत्वमा रहेको सरकारले निरंकुश राणा शासनको विरुद्ध आवाज बुलन्द गरी शाहदत प्राप्त गरेको क्याप्टेन लखन थापा मगरलाई प्रथम शहीद घोषणा गरेको तथ्यलाई पनि म राख्न चाहन्छु । नेपाली काँग्रेसको नेतृत्वमा प्राप्त भएको ऐतिहासिक उपलब्धीहरू गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशीताको प्रभावकारी कार्यान्वयनमा नेपाली काँग्रेस दृढ छ । संविधान संशोधन गरेर मगर समुदाय लगायत आदिवासी, जनजातिले अहिले प्राप्त गरेको उपलब्धीलाई जोगाउनु नै अझै समावेशी लोकतान्त्रिक बनाउन काँग्रेस दृढ रहेको छ । मगर लगायत आदिवासी समुदायको प्रचारजन्य परम्परागत, ज्ञान, सीप र पेशाको सुरक्षा प्रवर्द्धन गर्दै जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न नेपाली कांग्रेस आदिवासी जनजातिसँग सहकार्य गर्न तयार छ ।' सभापति देउवाले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न आदिवासी समुदायसँग नेपाली कांग्रेसले सहकार्य गर्ने बताए ।

# रवि लामिछानेलाई नक्खु कारागार ल्याइने

**काठमाडौं/मस–** कारागार व्यवस्थापन विभागले सहकारी ठगी मुद्दामा हाल रूपन्देही कारागारको थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई कारागार सरुवा गर्ने निर्णय गरेको छ ।

कारागार सरुवाका लागि निवेदन दिएका सभापति लामिछानेलाई नक्खु कारागार ल्याउने निर्णय गरिएको विभागका सूचना अधिकारी सन्देशप्रसाद जोशीले बताए । उनका अनुसार उक्त निर्णयको पत्र शुक्रबार रूपन्देही कारागारमा पठाइएको छ ।

'कारागार सरुवाको निर्णय गरेर शुक्रबार पत्र पठाइसकेका छौं', सूचना अधिकारी जोशीले भने, 'सुरक्षाको आवश्यक प्रबन्ध गरेर सकेसम्म छिट्टै नक्खु ल्याइने छ ।'

### दृष्टिबिना...

भर्नाका लागि ड्याडीले ट्राइ गर्नुभो । पोखरामा राम्रो होला भनेर ड्यालीले त्यता ल्याउनुभाथ्यो । तर भर्ना गर्नै मानेन् । अनि स्याङ्जामै दृष्टिविहीनहरूलाई हेर्ने डे केयरजस्तो थियो । तर त्याँ गरिएन । पछि नजिककै बोर्डिङ स्कुलमा हाल्दिनुभो ।'

कक्षा चारसम्म त्यहाँ पढेका उनलाई सामान्य विद्यार्थीजस्तै गरी पढाइन्थ्यो । आफूमा पढ्ने हुटहुटी हुँदा पनि देख्न नसकेका कारण उनले नेपाली वर्णसमेत लेख्न सिक्न सकेका थिएनन् । तर शिक्षकले बोलेका कुरा उनलाई कण्ठै हुन्थे । स्मरण शक्ति र बोली प्रभावशाली भएका कारण केवल बोलेर प्रश्नको उत्तर दिए उनलाई पास गराइन्थ्यो ।

यसैबीचमा बुबा टेकनाथले आँखाको मोतिबिन्दुको उपचारका लागि भारत लगे । त्यसपछि दाहिने आँखाले अलिअलि देख्न थालेको उनी बताउँछन् । देख्न थालेपछि उनका मामाले उनलाई देवघाट लगेर ब्रेललिपिबाट अध्यापन गराउने विचार गरे र लगे पनि । यसपछि गौतमको पढ्ने सपनाको बाटो खुल्यो । नेपाली वर्ण पनि चिन्न थाले । उनको बोलीसँगै लेखन क्षमता पनि बढ्न थाल्यो ।

'यसले आँखा देख्दैन के गर्ला, कसरी पढ्ला'जस्ता समाजका कटु वचनलाई चुनौतीका रूपमा लिएर विद्यालयमा अब्बल विद्यार्थीको सूचीमा उनी पर्न थाले । 'भन्नेले भन्थे के गर्ला र आँखा देख्दैन । तर मलाई लाग्थ्यो आँखा नदेख्दैमा केही गर्न नसकिने हो र ! त्यही भएर म पछि कहिल्यै पर्दिनँ राम्रो गरेर देखाउँछु लाग्थ्यो सानैबाट,' गौतमले भने ।

अध्ययनमा खप्पिस भइसकेका गौतमलाई १७ वर्षको उमेरमा फेरि त्यही पीडाको सामना गर्नुपऱ्यो, जुन उनले जन्मेदेखि भोगेका थिए । उनको दाहिने आँखाको दृष्टि पनि पूर्णरूपमा गुम्यो । तर अब उनमा नयाँ ऊर्जा थियो र आत्मविश्वास पनि । परिवारको साथ त थियो नै । आफ्नो असक्ततालाई हतियार बनाएर उनी जीवनको युद्धभूमिमा आफैसँग युद्ध गर्न तम्तयार भए ।

कक्षा १० पछि विज्ञान पढ्न एक्लै काठमाडौं आएको उनी बताउँछन् । धेरैले गाह्रो हुन्छ, दृष्टिबिना कसरी पढ्छौं विज्ञान ? भन्ने प्रश्न पनि गर्थे तर आफ्नो क्षमतालाई चिनेका गौतमले त्यही विषयमा राम्रो अंकमा कक्षा १२ उत्तीर्ण गरे । यो समयमा साथीहरूको साथ भरपुर पाएको पनि उनी सम्झिन्छन् । योसँगै प्रविधिलाई पनि साथी बनाएर उनी हिँड्न थाले । जसले उनको अध्ययनलाई थप सहज बनाइदियो । उनले आँखाले देख्न नसके पनि कान र औंलाको सहायताले आफूलाई पूर्ण बनाउने प्रयास गरिरहे र सफल भए पनि । अहिले उनले एमपीए गरिसकेका छन् । साथै स्नातक तहमा कानुन विषय पनि बढेका छन् । एकवर्षे बीएड पनि गरेका छन् ।

### चाख...

उनले जवाफ दिए, 'मैले इमेलहरू ह्यान्डिलिङ गर्ने, चिठी लेख्ने काम गर्न सक्छु ।' उनको जवाफले सबै जनालाई चाख लाग्यो, 'आँखा नदेख्नेले कसरी चिठी लेख्छ !' यत्तिकैमा उनले झोलाबाट ल्यापटप झिके र टाइप गरेर देखाए ।

अधिकांश सशक्त व्यक्तिले समेत प्रविधिको प्रयोग गर्न नजानेको परिवेशमा आफू 'दृष्टिविहीन'ले त्यसरी ल्यापटप चलाउँदा आफूलाई देखेर उनीहरू छक्क परेको अनुभव पनि उनले सुनाए । टेलिकममा नाम निस्किनुमा त्यही कुराको प्रभाव हुन सक्ने पनि उनलाई लाग्छ । नाम निस्किएपछि उनको सहजतालाई मध्यनजर गर्दै काठमाडौंको सुन्धारास्थित टेलिकमको कार्यालयमा पोस्टिङ मिलेकोमा उनी आफूलाई भाग्यमानी ठान्छन् ।

चौथो तहको काम गर्दागर्दै गौतमले छैटौं तहको परीक्षा दिएका थिए । त्यसमा पनि उनी सफल भएर सहायक प्रशासकीय अधिकृतको जिम्मेवारीमा बाधिँए । यसका साथै उनी अहिले फुर्सदमा लोकसेवाको तयारी गरिरहेका विद्यार्थीलाई पढाउने काम गर्छन् । समयसमयमा ट्रेनिङ दिने पनि गर्छन् । काठमाडौं नेत्रहीन संघको सचिवको जिम्मेवारी पनि उनले पाएका छन् ।

परिवार, जीवनसाथी, साथी र सहकर्मीको साथले आफूलाई अब्बल बनाउन ऊर्जा मिलेको विश्वास गौतमको छ । आँखामा दृष्टि नभए पनि उनी संसार नियाली रहेका छन् प्रविधिमार्फत । उनी शारीरिक रूपमा अशक्त भएकाहरूका लागि मात्र नभई पूर्ण रूपमा सशक्त भएकाहरूका लागि पनि प्रेरणा बनेका छन् । आफूजस्तै दृष्टिविहीन वा अन्य शारीरिक असशक्तता भएकालाई आँट गरेर आफूभित्रको प्रतिभा, क्षमता बाहिर ल्याउन उनी सुझाव दिन्छन् ।

यसका साथै सरकारले अपांगता विषयलाई गौण रूपमा लिएको उनको गुनासो छ । अशक्तहरूका लागि पहुँचयुक्त पूर्वाधारको निर्माण गरिदिए, बाटो, ठुलाठुला कार्यालय वा भवनहरूमा दृष्टिविहीनहरूका लागि अडियो प्रविधियुक्त स्रोत साधनको पहुँच र व्यवस्था गरिदिए पनि आफूहरूलाई अरूको भर पर्नुपर्ने बाध्यता टर्ने उनको भनाइ छ ।

### बुढाको...

आफ्नै समूहका बुढा नेताहरूलाई ल्याएर महत्वपूर्ण जिम्मेवारी दिएको भन्दै आन्तरिक असन्तुष्टि बढेको छ । पार्टी अध्यक्षसहित महत्वपूर्ण जिम्मेवारीमा वृद्ध नेताहरूको वर्चस्व हुँदै जाँदा भूगोलमा संगठन गर्न खट्ने नेताहरूको खडेरी लाग्ने अवस्था नेकपा एसमा देखिएको असन्तुष्ट नेताहरूले टिप्पणी गरेका छन् । गत महाधिवेशनमा अध्यक्ष माधव नेपालकै हस्तक्षेपमा पार्टी स्थापनाका सहयोद्धा रामकुमारी झाँक्री, किसान श्रेष्ठ, प्रेम आलेसहितका युवा नेताहरूलाई महत्वपूर्ण जिम्मेवारीबाट पाखा लगाएको थियो ।

त्यसयता उनीहरू पार्टीका कुनै गतिविधिमा सक्रिय रूपमा लागेको देखिदैन । पूर्वमन्त्रीसमेत रहेका नेता प्रेम आलेले नेकपा एसबारे खासै चासो नभएको प्रतिक्रिया दिए । 'मलाई डोटीका जनताले नेकपा एसबाटै जिताएर पठाएका हुन्,' उनले भने, 'नेकपा एसप्रति मेरो कुनै प्रतिक्रिया छैन । तर, नेतृत्वकै कारण पार्टी गम्भीर संकटको डिलमा छ । हामीजस्ता धेरै नेताहरूलाई पार्टीका केही नेताहरूले पाखा लगाउनुभएको छ ।' आफू सांसद रहुन्जेल कुनै राजनीतिक पार्टीमा नजाने तर त्यसपछिको परिस्थिति जे पनि हुन सक्ने आलेको भनाइ छ ।

नेकपा एकीकृत समाजवादीले वामदेव गौतमलाई पार्टीको तेस्रो वरीयतासहित समग्र केन्द्रीय विभागहरूको संयोजन गर्ने जिम्मेवारी दिइएको पार्टी प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए । शुक्रबार बसेको सचिवालय बैठकले तीन जनालाई पोलिटब्युरो र नौ जनालाई केन्द्रीय सदस्य बनाउने निर्णय गरेको उनले बताए ।

राजनीतिक दर्शन, सिद्धान्त, कार्यक्रम, रणनीति र कार्यदिशामा एकरूपता रहेको र नेपालको कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्न दुवै पार्टी सैद्धान्तिक रूपमा सहमत भएपछि एकताका सम्भव भएको नेताहरूले बताएका छन् । एकता प्रक्रियामा आएका गौतमसहित अन्य नेताहरूलाई शुक्रबार जिम्मेवारी तोकेको हो । तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रबीच भएको एकता सर्वोच्च अदालतले भंग गरेपछि वामदेव गौतमले २०७७ साल पुस २५ गते नेकपा एकता राष्ट्रिय अभियान घोषणा गरेका थिए । सुरुमा नेकपा एमालेमा जान खोजेका वामदेव पछि अध्यक्ष केपी शर्मा ओलीको अनिच्छाका कारण रोकिएर अन्ततः नेकपा एसमा प्रवेश गरेका हुन् ।

२००५ सालमा जन्मिएका उनी ७७ वर्ष भएका छन् । उमेरमा एमालेको सशक्त संगठकका रूपमा चिनिएका नेता गौतमबाट अब पार्टीमा सक्रियता बढ्ने अपेक्षा गर्न सकिँदैन । त्यस्तै, २००९ सालमा जन्मिएका नेकपा एसका अध्यक्ष नेपाल १३ वर्षको उमेरदेखि नै राजनीतिमा लागेको इतिहास छ । १५ वर्ष एमालेको नेतृत्व गर्दै सोही पार्टीबाट प्रधानमन्त्री भइसकेका ७३ वर्षीय नेपालको पनि उमेरका कारण संगठन निर्माणमा सक्रियता स्वाभाविक घट्दै जानेछ । पार्टीका सम्मानित नेता झलनाथ खनाल २००६ सालमा जन्मिएका हुन् । एमालेको अध्यक्ष र प्रधानमन्त्री समेत भइसकेका खनाल ७६ वर्ष भइसकेकाले उनीबाट पनि संगठन निर्माणमा ठुलो योगदान हुने सम्भावना नभएको नेकपा एसकै नेताहरूले बताएका छन् । नवप्रवेशी गौतमलाई पार्टीका सबै विभाग हेर्ने जिम्मेवारी दिएपछि ती संगठनहरू थप निष्क्रिय हुने नेताहरूले संशय व्यक्त गरेका छन् ।

### बनेन...

संसदको कार्यकाल पाँच महिनाभन्दा कम रहेको अवस्थामा महाअभियोग दर्ता भए चुनावपछिको प्रतिनिधि सभामा सर्नेछ । तर त्यसका लागि नयाँ चुनावपछिको प्रतिनिधि सभाका एक चौथाइ सदस्यले अपनत्व लिनुपर्नेहुन्छ ।

तर, चोलेन्द्रशमशेरको हकमा यो सर्त लागू हुने कुरै भएन । किनभने चोलेन्द्रशमशेरविरुद्धको महाअभियो यो नियमावली आउनुअगाडिकै हो । यो कानुनी जटिलता नफुक्दा न चोलेन्द्रशमशेरले महाअभियोगबाट उन्मुक्ति पाए न पेन्सनपट्टा । यसकारण चोलेन्द्रशमशेर पदमा रहँदा गरेको फैसलाको पूर्णपाठमा हस्ताक्षर गर्नसमेत तयार भएका छैनन् ।

### विषाक्त...

निरन्तर समन्वय गरीरहेको बताएको छ ।

स्वास्थ्यका लागि घातक र जोखिमपूर्ण खाद्य तथा पेय पदार्थको सेवनबाट टाढा रहन विशेष अनुरोध गर्दै दूतावासले कुनै जानकारी लिनुपरेमा दूतावासको ह्वाट्सएप नम्बर +९६५६१००८९५६ मा सम्पर्क गर्न सकिने बताएको छ ।

शुक्रबार कुवेतमा सार्वजनिक बिदा परेका कारण अपेक्षाअनुसारको विवरण प्राप्त हुन नसकेको बताउँदै श्रम सहचारी आचार्यले शव प्राप्त गरेपछि मात्रै नेपालीको पहिचान खुल्ने बताएका छन् । 'शनिबार पनि बिदा छ, तर हामीले सकेसम्म छिटो नेपालीको शव प्राप्तिका लागि सम्पर्क गरिरहेका छौं,' आचार्यले शुक्रबार मध्यान्ह दैनिकसँगको कुराकानीमा बताए । कुवेतका आदान, फर्वनिया र मुबारक अलकबी अस्पतालमा बिरामीहरूको उपचार भइरहेको छ ।

कुवेतको स्वास्थ्य मन्त्रालयले विषाक्त मदिरा सेवनका कारण एसियाली मुलुकका ६३ जनालाई अस्पतालमा भर्ना गरिएको बताएको छ । मन्त्रालयले धेरै बिरामीहरू आइसियूमा रहेको र चिकित्सकहरूको टोलीले ३१ जनामा कार्डियोपल्मोनरी रिसुसिटेसन (सिपिआर) गरिरहेको बताएको छ । ५१ जनालाई आपतकालीन डायलासिस गरिएको छ । २१ जनाले स्थायी वा अस्थायी रूपमा आँखाको दृष्टि गुमाएका छन् । अधिकारीहरूले दूषित पेय पदार्थको स्रोतको अनुसन्धान गर्न अस्पताल र सुरक्षा एजेन्सीबीच समन्वय भइरहेको बताएका छन् ।

नेपालीसहित दक्षिण एसियाली कामदारहरूले सस्तोमा पाइने मिथानोल, एन्टिफ्रिज र घोलकजस्ता औद्योगिक उत्पादनहरूमा प्रयोग हुने विषाक्त मदिरा सेवन गर्ने गरेको बताइएको छ ।

विषाक्त मदिराका कारण टाउको दुख्ने, बान्ता आउने, दृष्टि धमिलो हुने, हृदयाघात भई मृत्यु हुने गरेको छ । कुवेतले मादक पदार्थको उत्पादन, बिक्री र उपभोगलाई कडाइका साथ निषेध गरेको छ । सुरक्षाकर्मीरूले अवैध रूपमा मदिरा उत्पादन बन्द गराउने अभियान तीव्र पारेको कुवेती सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

### साउदीबाट....

अभियान सुरुवात गरेको भन्दै नेपाली दूतावास साउदी अरेबियाको प्रयास सराहनीय भएको बताए । श्रम स्वीकृति नहुँदा वैदेशिक रोजगारमा रहेका श्रमिक स्वदेश फर्किन नसक्ने भएकाले वैधानिकीकरण अभियान सुरु गरिएको मन्त्री भण्डारीले जानकारी दिए । साउदी अरेबियासँग द्विपक्षीय श्रम समझदारीपत्रमा हस्ताक्षर हुने तयारीबारे पनि उनले जानकारी दिए ।

राजदूत डा. ढकालले श्रम वैधानिकीकरणलाई अभियानकै रूपमा सञ्चालन गरिने उल्लेख गरे । उनले यस कार्यमा विभिन्न संघ संस्थाहरूको समन्वय र सहकार्य जरुरी रहेको उल्लेख गरे ।

राजदूत डा. ढकालका अनुसार सन् २०२४ सेप्टेम्बर ३० भन्दा अघि वैदेशिक रोजगारीका लागि साउदी अरबियामा आएका नेपाली श्रमिकहरूले श्रम स्वीकृतिका लागि अनलाइनमार्फत आवेदन दिन सक्नेछन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको वैदेशिक रोजगार सेवा प्रवाह (दोस्रो संशोधन) कार्यविधि, २०८२ अनुसार सन् २०२४ सेप्टेम्बर ३० सम्म वैदेशिक रोजगारीमा रहेर वैधानिक रूपमा कार्यरत नेपाली श्रमिकहरूले दूतावासमा अनलाइन आवेदन दिएर वैधानिकीकरण श्रम स्वीकृति प्राप्त गर्न सक्ने व्यवस्था छ ।

यो व्यवस्थाअनुसार साउदी अरबमा सन् २०२४ सेप्टेम्बर ३० भन्दा पहिले आएका र वैधानिक रूपमा कार्यरत नेपाली श्रमिकहरूले आवश्यक कागजातसहित अनलाइन आवेदन दिन सक्नेछन् ।

दूतावासले सम्बन्धित सबै श्रमिकहरूलाई वैधानिकीकरणको माध्यमबाट श्रम स्वीकृति लिन आग्रह गरेको छ ।

# देशमै केही गरौं भन्ने भावनासहित युवाहरू जागरुक हुन थालेका छन् : प्रचण्ड



**काठमाडौं/मस–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पछिल्लो समय देशमै केही गरौं भन्ने भावनासहित युवाहरू जागरुक हुन थालेको बताएका छन् ।

भक्तपुरमा शुक्रबार आयोजित चाँगुनारायण सिटी एभोकाडो सिटी अभियान समापन कार्यक्रमलाई सम्बोधन गर्दै उनले आफू देशका विभिन्न स्थानमा जाँदा अहिले धेरै ठाउँमा युवाहरू र नागरिक पनि आफ्नै देशमा रोजगारी सिर्जन गर्ने अभियानतर्फ लागेको पाएको बताए ।

उनले उनीहरूलाई प्रोत्साहन गर्न जरुरी रहेको बताए । विदेश जाने मनोवृत्तिलाई विस्तारै परिवर्तन गर्नुपर्ने उनको भनाइ छ । देशभित्रै सम्भावना र सम्भव रहेको पनि उनले बताए ।

आफ्नो देश, इतिहास, विकास, प्रक्रिया र संस्कृतिप्रति गर्व गर्ने मानसिकताको विकास आजको ठुलो चुनौती रहेको उनले बताए । गौरवशाली इतिहास र प्रकृतिबाट नै आफ्नै विकासको मौलिक मोडेल आत्मनिर्भर र राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सकिने उनको भनाइ छ ।

अध्यक्ष प्रचण्डले पर्यटन विकासको निम्ति के गर्न सकिन्छ भन्नेकुरा योजना बनाएर अघि बढ्न जरुरी रहेको बताए । आफ्नो पालिकाको वस्तुस्थिति बुझेर पालिकाहरूले आफ्नो पालिकामा कुन कुन क्षेत्रलाई प्राथमिकता दिने भन्ने योजना बनाउन जरुरी रहेको उनले बताए ।

# श्रीकृष्ण जन्माष्टमी पर्व मनाइँदै



**काठमाडौं/मस–** भगवान् श्रीकृष्णको जन्म भएको उपलक्ष्यमा आज विभिन्न कार्यक्रमको आयोजना गरी श्रीकृष्ण जन्माष्टमी पर्व मनाइँदैछ ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएको सम्झनामा आजको दिनमा श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिएको हो । दुर्जनको विनाश गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुको आठौं गर्भका रूपमा श्रीकृष्णको जन्म भएको धर्मशास्त्रहरूमा उल्लेख छ ।

कंसको अत्याचारबाट मानव जातिलाई मुक्ति दिन वासुदेव र देवकीको आठौं गर्भबाट भगवान् विष्णुको आठौं अवतारका रूपमा आजैका दिन भगवान् श्रीकृष्णको जन्म भएको धार्मिक विश्वास छ ।

अन्याय, अत्याचार र दानवी प्रवृत्तिबाट मानव जातिलाई सुरक्षित बनाउने उद्देश्यले भगवान् विष्णुले मानिसको अवतारका रूपमा श्रीकृष्ण भइ धर्तीमा जन्म लिएको स्मृतिस्वरूप आजको दिन यो पर्व मनाउने गरिएको हो ।

कौरव र पाण्डवका बीचमा कुरुक्षेत्रमा भएको धर्मयुद्धमा सत्यको पक्षमा रहेका पाँच पाण्डवमध्येका अर्जुनको सारथीका रूपमा श्रीकृष्णले युद्धको शिक्षा दिएका थिए । युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई दिएको उपदेश नै श्रीमद्भागवत गीता हो ।

श्रीकृष्णले गोपिनी र राधासँग गरेको प्रेम प्रसङ्गका कारण यो महिनाभर प्रेम उत्सव अर्थात् झुला उत्सवका रूपमा समेत मनाउने गरिन्छ ।

आजको दिन पाटनको मंगलबजारस्थित प्रसिद्ध श्रीकृष्ण मन्दिर, काठमाडौंको पूर्वी भेगस्थित गोठाटारमा रहेको नवतनधाम, उत्तरी भेग बूढानीलकण्ठस्थित श्रीकृष्ण भावनामृत सङ्घको मन्दिरमा र देशभरका अन्य कृष्ण मन्दिरमा भव्यरूपमा पूजा, आराधना एवम् रथयात्रा र शोभायात्रा गरी श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिन्छ ।

# सुकुम्वासी बस्तीका २५ घरटहरा भत्काइयो



**काठमाडौं/मस–**काठमाडौं महानगरपालिकाको नगरप्रहरी टोलीले मनोहरास्थित सुकुम्बासी बस्तीका २५ घरटहरा भत्काएको छ । नेपाल प्रहरीको सुरक्षा सहयोगमा अवैधरूपमा बनाइएका घरटहरा भत्काइएको हो ।

महानगरका नगरप्रहरी प्रमुख राजु पाण्डेका अनुसार अवैध संरचना भत्काउने क्रममा स्थानीयसँग झडप समेत भएको थियो । त्यस क्रममा केही नगरप्रहरी घाइते भएका छन् ।

घटनास्थलमा खटिएका नगरप्रहरी एसपी दिनेश अर्यालले सुकुम्वासीहरूले हानेको ढुंगा लागेर नगरप्रहरी घाइे भएको बताए । घाइतेहरूलाई नयाँ बानेश्वरस्थित सिभिल अस्पतालमा उपचार भइरहेको छ । यसअघि, पटकपटक सूचना जारी गर्दा पनि आफैँले घरटहरा नहटाएपछि डोजर चलाइएको महानगरले जनाएको छ ।

# पेस्तोल, म्यग्जिन र सात राउन्ड गोलीसहित एक जना पक्राउ



**काठमाडौं/मस–** प्रहरीले काठमाडौं महानगरपालिका-१६चमतीबाट अटोकेटिक पेस्तोल, दुई थान म्याग्जिन र सात राउण्ड गोलीसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-१ घर भई हाल काठमाडौं महागरपालिका-१६ चमती डेरा गरी बस्ने २९ वर्षीय शिवराज दराई रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

उनले भने, 'निज दराईको कोठा शंका लागि जाँच तथा खानतलासी गर्दा लुकाइछिपाइ राखेको अवस्थामा अटोमेटिक पेस्तोल एक थान, सो पेस्तोलमा लाग्ने म्याग्जिन दुई थान र ७.६५ एमएमको गोली सात राउण्डसहित निजलाई टोखा नगरपालिका-९ स्थित होटलको कोठाबाट पक्राउ गरिएको हो ।'

दराईलाई हातहतियार खरखजानासम्बन्धी मुद्दामा प्रहरी वृत्त बालाजुबाट थप अनुसन्धान भइरहेको तथा निजविरुद्ध प्रहरी वृत्त कीर्तिपुरबाट २०७८ साल असोज १८ गते अभद्र मुद्दा र २०८० कात्तिक १९ गते लागूऔषध मुद्दासमेत चलेको देखिएको प्रवक्ता बोहराले बताए ।

# प्रहरी हाकिम होइन, जनताको सेवक हो : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले जनताको शान्ति सुरक्षामा खटिएका नेपाल प्रहरीलाई शासक नभइ जनताको सेवक भएर काम गर्न निर्देशन दिएका छन् ।

जनकपुरधाममा मधेश प्रदेश प्रहरी कार्यालयको नवर्निमित भवनको उद्घाटनपश्चात आयोजित समारोहलाई सम्बोधन गर्दै सो निर्देशन दिएका हुन् ।

मुलुकमा सुशासन तथा शान्ति सुरक्षा कायम गर्नका लागि नेपाल प्रहरी हाकिमको भूमिका होइन, जनताको सेवकको भूमिकामा काम गर्नुपर्ने प्रधानमन्त्रीको भनाइ थियो । कसैलाई जोरजबर्जस्तीबाट फसाउने काम नहोस् न्यायोचित हिसाबले प्रहरीबाट काम हुनुपर्ने उल्लेख गर्दै उनले राणा शासन तथा राजाको पञ्चायती व्यवस्थामा जस्तो कसैलाई फसाउने तथा यातना दिने काम नहोस् भने । प्रधानमन्त्री ओलीले भने,' त्यस समयमा शासनसत्ता जोगाउनका लागि झुटो आरोप लगाउने कार्य हुन्थ्यो । अहिले मुलुकमा केही तत्वहरूले अराजक फैलाउने कार्य गरिरहेको तथा आफूलाई नयाँ शक्तिको भ्रम फैलाउने तथा देशमा अराजक गतिविधिको काम गरेकाले त्यसबाट सतर्क एवं सजग हुनुपर्छ ।' समाजमा अराजक फैलाउने तत्वहरूको मुलुकमा लोकतन्त्र ल्याउनका लागि कुनै योगदान नरहेको समेत विचार व्यक्त गर्दै प्रधानमन्त्री ओलीले झुटो बोल्ने तत्वहरूलाई समाज तथा राष्ट्रले सजाय दिनुपर्नेमा जोड दिए ।

उनले जनताको ठूलो त्याग, तपस्या तथा बलिदानीबाट मुलुकमा लोकतन्त्र आएकाले लोकतन्त्रको सुरक्षा तथा दिगो बनाउन सम्पूर्ण लोकतान्त्रिक शक्तिहरू लाग्नुपर्ने बताए ।

प्रधानमन्त्री ओलीले भने, 'नेपाली सेनाले राष्ट्रको सुरक्षा गर्ने काम गरिरहेको छ, त्यस्तै नेपाल प्रहरीले आफ्नो योग्यता तथा दक्षताको माध्यमबाट जनतालाई इमान्दारीपूर्वक जनताको सुरक्षा तथा सेवा गर्नुपर्छ ।' देशमा बढ्दो आपराधिक क्रियाकलाप, चोरी र डकैती, लागुऔषधको प्रयोग तथा सीमा क्षेत्रमा हुने विभिन्न चोरी, तस्करी, अवैध रूपमा हुने मानव ओसारपसार रोक्न तथा राजस्व चुहावट नियन्त्रण गर्न चुनौती भएकाले त्यसलाई रोक्नका लागि प्रहरी संगठन इमान्दारीकासाथ गम्भीरतापूर्वक लाग्नुपर्नेमा उनको जोड थियो ।

प्रधानमन्त्री ओलीले नेपाली कांग्रेस तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को संयुक्त प्रयासबाट निर्माण भएको वर्तमान सरकारले देशमा स्थिरता तथा शान्ति सुरक्षा एवं सुशासन दिने उल्लेख गर्दै भष्टाचार नियन्त्रण गर्ने र जनतालाई छिटोछरितो रूपमा सेवा दिनेतर्फ प्रहरीले जोड हुनुपर्ने बताए ।

उनले नेपाल प्रहरीलाई समयसापेक्ष भौतिक सुविधाले सम्पन्न गराउनेतर्फ मधेश प्रदेश सरकारले यो भवन निर्माण गरेकामा खुसी व्यक्त गरे ।

यसैबीच प्रधानमन्त्री ओलीले धनुषाको मनहरपुरमा आयोजित एक समारोहबीच सडक शिलान्यास गरेका छन् । प्रधानमन्त्री ओली र मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले संयुक्त रुपमा धनुषा क्षेत्र नम्बर १ स्थित मनहरपुर ज्ञान चोकमा निर्माण हुन लागेको सडक शिलान्यास गरेका हुन् ।

प्रधानमन्त्री ओली र सभामुख मण्डलले मधेस प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयको आयोजनामा धनुषाको मनहरपुर-हंसपुर हुँदै खरिहानी-सिमराढी जोड्ने १६.३५ किलोमिटर सडक शिलान्यास गरे । कुल ६५ करोडको लागतमा निर्माण हुन लागेको सडकको ठेक्का निर्माण कम्पनीले ४४.४८ लाखमा कबोल गरेको छ ।

समारोहमा मधेश प्रदेशका मुख्यमन्त्री सतिषकुमार सिंह, सभामुख रामचन्द्र मण्डल, भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव, प्रतिनिधिसभा सदस्य लिलानाथ श्रेष्ठसहित नेता तथा कार्यकर्ताहरूको उपस्थिति थियो ।

# 'नभएको तथ्य उजागर गरेर अदालतको हुर्मत लिनुहुँदैन'

**काठमाडौं/मस–** प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले पत्रकारको सहज पहुँचका लागि सर्वोच्च अदालतको इजलासमै छुट्टै स्थान बनाएर बस्ने व्यवस्था मिलाउने बताएका छन् । ललितपुरमा आयोजित 'सर्वोच्च अदालतमा मुद्दा वक्यौताको स्थिति र प्राथमिकताका क्षेत्रहरू' विषयक सञ्चारकर्मीहरूसँगको अन्तरक्रिया कार्यक्रममा उनले यो व्यवस्था छिट्टै कार्यान्वयनमा ल्याइने स्पष्ट पारे ।

पत्रकारहरूको न्यायालयमा सहज पहुँच नभएको गुनासोप्रति आफू गम्भीर रहेको उनले बताए । सूचना दिनका लागि न्यायालय प्रयत्नशील रहेको उल्लेख गर्दै इजलासमै बस्नका लागि बाहिर छुट्टै स्थान निर्माण गर्ने तयारी रहेको उनको भनाइ थियो । उनले अदालतबारे आलोचना र टिप्पणी गर्न नहुने कुरा नभए पनि नभएको तथ्य प्रयोग गरेर अदालतको हुर्मत लिने कार्य अस्वीकार्य हुने चेतावनी दिए । 'यदि अदालतबाट जनताको भरोसा डग्मगाएको भए लाखौं मुद्दा दर्ता नै हुने थिएनन्,' उनले भने,'म पूर्ण प्रेस स्वतन्त्रताको हिमायती हुँ, तर न्युज सेन्सेसनको मोहमा अदालतको गरिमा र मर्यादा भत्काउने समाचार प्रकाशित भए अदालत टुलुटुलु हेरेर बस्दैन ।'



प्रधानन्यायाधीश राउतका अनुसार न्यायालय आफ्नो मर्यादा नाघ्दैन, संयमता गुमाउँदैन, तर मर्यादा र संयमताभित्र रहँदै पूर्ण प्रेस स्वतन्त्रतालाई सम्मान गर्नेमा न्यायिक नेतृत्व सजग र संवेदनशील छ । उनले पत्रकारको काममा आवश्यक सम्मान र समर्थन गर्न आफू सधैं तयार रहेको भन्दै, अदालत र प्रेसबीच सन्तुलन कायम गर्नुपर्नेमा जोड दिए ।

उनले भने,'पत्रकारको न्यायालयमा पहुँच भएन कि भन्ने कुरा मैले गम्भीरतापूर्वक लिएको छु । मुख्य रजिष्ट्रार यहीँ हुनुहुन्छ, सूचना दिनका लागि हामी प्रयत्नशील छौं । इजलासको बाहिर बस्न छुट्टै रो पनि बनाउन सकिन्छ । विघ्न बाधा भए हटाइन्छ । मेरो संवैधानिक दायित्व पूरा गर्न कठोर रूपमा लाग्नेछु । तर नभएको कुरा, गलत तथ्य प्रयोग गरेर अदालतको हुर्मत लिनु हुँदैन । हामी मर्यादा नाघ्दैनौं, संयमता पनि गुमाउँदैनौं ।' प्रधानन्यायाधीश राउतले न्यायालयलाई भरोसा र विश्वासको केन्द्र बनाउन आफू र आफ्नो नेतृत्व लागिपरेको स्पष्ट गरे ।

# संसदीय समितिमा नक्कली व्याकुल माइलाको चर्चा



**काठमाडौं/मस–** प्रतिनिधि सभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बैठकमा नक्कली व्याकुल माइलाको विषयमा छलफल भएको छ ।

शुक्रबार सिंहदरबारमा बसेको समितिको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतमले यसबारेमा जानकारी गराउँदै मन्त्रालयको ध्यानाकर्षण गराइन् । शुक्रबारको समितिको कार्यसूची नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ माथि मन्त्रालयबाट बृहत्तर तुलनात्मक विश्लेषणसहितको प्रस्तुति र छलफल गर्ने रहेको थियो । उक्त कार्यसूचीअनुसारको छलफल अघि बढाउँदै गर्दा संशोधनकर्ता सदस्यसमेत रहेकी सांसद गौतमले बजारमा नक्कली व्याकुल माइलाको चर्चा रहेको विषय समितिमा उठाइन् ।

उनले राष्ट्रिय गानका रचयिता प्रदीप राई (व्याकुल माइला) बनेर, उनको आत्मसम्मानमा चोट पुग्ने गरी, व्याकुल माइला हुँ भन्दै पुस्तकहरू प्रकाशन गर्ने, प्रपोजलहरू पेश गर्ने, विभिन्न ठाउँमा गएर बजेट निकासा गर्ने जस्ता क्रियाकलाप भइरहेको जानकारी दिइन् । सांसद गौतमका अनुसार, नेपालको राष्ट्रिय गान सिर्जना गर्ने व्यक्तिमाथि यस किसिमको व्यवहार राम्रो नभएको र यो संवेदनशील विषय भएकाले गम्भीर रूपमा लिनुपर्ने आवश्यकता छ । उनले प्रहरीलाई यसबारे जानकारी गराउँदा, प्रहरीले नक्कली व्यक्ति आएको भनेर उजुरी दिन आग्रह गरेको समेत बताइन् । तर, सक्कली व्यक्तिलाई नक्कली व्यक्ति आयो भनेर उजुरी दिनुपर्ने अवस्था हुनु आपत्तिजनक भएको उनको भनाइ थियो । सांसद गौतमले समितिलाई सम्बोधन गर्दै भनिन्, 'अहिले व्याकुल माइलाको कुरा आइरहेको रहेछ । एक जना व्यक्तिले व्याकुल माइला हुँ भन्दै पुस्तकहरू निकाल्ने, प्रपोजलहरू गर्ने, विभिन्न ठाउँमा गएर बजेट निकासा गर्ने, यो खालका कुराहरू भइरहेको रहेछ । उहाँको आत्मसम्मानमा चोट पुग्यो भन्ने कुरा आयो । यो संवेदनशील विषय हो । नेपालको राष्ट्रिय गान सिर्जना गर्ने व्यक्तिमाथि यस्तो हुनु हुँदैन ।

प्रहरीले नक्कली व्यक्ति आयो भनेर उजुरी हाल्नुस् भनेको रहेछ । सक्कली मान्छेलाई नक्कली व्यक्ति आयो भनेर उजुरी हाल्नुपर्ने अवस्था हुनु आपत्तिजनक हो । यो विषय मन्त्रालयले ध्यानाकर्षण गरोस् ।' उनले समिति र सरकारले यसबारेमा संवेदनशील हुनुपर्ने भन्दै तत्काल ध्यानाकर्षण गराइन् ।

# बागमतीका पाँच मन्त्रीले लिए शपथ



**काठमाडौं/मस–** बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नेपाली कांग्रेसबाट पाँच जना मन्त्री नियुक्त गर्दै सरकारलाई पूर्णता दिएका छन् ।

शुक्रबार प्रदेश प्रमुखको कार्यालयमा नवनियुक्त मन्त्रीहरूले पद तथा गोपनियताको शपथ ग्रहण गरेका हुन् ।

नेपाली कांग्रेस र सत्ता साझेदार दल नेकपा एमालेको संयुक्त सरकारको १४ सदस्यीय मन्त्रिपरिषद्मा रिक्त रहेको पाँच मन्त्रालयमा मन्त्री नियुक्त गरिएको हो । मुख्यमन्त्री बानियाँले बिहीबार आर्थिक मामिला तथा योजना मन्त्रालयमा रसुवाका प्रभात तामाङलाई मन्त्री नियुक्त गरेका छन् ।

त्यसैगरी सामाजिक विकास मन्त्रालयमा काभ्रेका कञ्चनचन्द्र बादे, संस्कृति तथा पर्यटन मन्त्रालयमा भक्तपुरका सुरेश श्रेष्ठ, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा चितवनकी बिनु रायमाझी पौंडेल र युवा तथा खेलकुद मन्त्रालयमा ललितपुरकी उर्मिला केसी नेपाललाई नियुक्त गरेका हुन् ।

२० साउनमा मुख्यमन्त्रीमा नियुक्त भएका बानियाँले सोही दिन एमालेका ६ र कांग्रेसका २ मन्त्रीसहित आठ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए । उक्त दिन कांग्रेसबाट खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालयमा सिन्धुपाल्चोकका कृष्ण तामाङ र जिम्मेवारी पछि तोकिने गरी धादिङका शिवराज अधिकारी विना विभागीय मन्त्री नियुक्त भएका थिए । कांग्रेसभित्र मन्त्रालय भागबण्डा हुँदा अधिकारीले आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

यसैगरी, २० साउनमै नेकपा एमालेबाट सरकारमा नेतृत्व गर्दै ललितपुरका मधुसुदन पौंडेललाई कृषि तथा पशुपन्छी विकास, काठमाडौंका डा. दिनेशचन्द्र देवकोटालाई भौतिक पूर्वाधार विकास, रसुवाका भरत केसीलाई वन तथा वातावरण, काठमाडौंकै जयराथ थापालाई श्रम, रोजगार तथा यातायात, बिन्दु श्रेष्ठलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिइएको थियो । लामा पक्षका तीन सांसद गोविन्द लम्साल, माया श्रेष्ठ, गिता गुरूङलाई मन्त्री बनाउने पूर्वसहमति भएको थियो । सभापति शेरबहादुर देउवा, बानियाँ र लामाबीच त्यसबारे सहमति भएको थियो । यही सहमतिका आधारमा बहादुर पक्षले २७ साउनको प्रदेशसभा बैठकमा उपस्थित भइ विश्वासको मत दिएका थिए ।

# अनशनरत व्यक्तिको जीवन रक्षा गर्न आयोगको आग्रह




**काठमाडौं/मस–** राष्ट्रिय मानवअधिकार आयोगले कञ्चनपुरको महेन्द्रनगर, मदनचोकमा आमरण अनशनमा रहेका आरक्षपीडितको न्याय र जीवन रक्षाका लागि आग्रह गरेको छ ।

आयोगका सहसचिव डा.टीकाराम पोखरेलले आज प्रेस विज्ञप्ति जारी गरी आमरण अनशनरत संघर्ष समितिका अध्यक्ष जयबहादुर रोकाया र रणबहादुर बमको जीवन रक्षा गर्न माग आग्रह गरेको हो ।

'स्वास्थ्य अवस्थालाई समेत ध्यानमा राखी निजहरूको मागका सम्बन्धमा यथाशीघ्र वार्ता गरी सहमतिकै माध्यमबाट अनशनरत व्यक्तिको जीवनरक्षा गर्न आयोग तीनै तहका सरकारलाई आग्रह गर्दछ',विज्ञप्तिमा भनिएको छ,'यसका साथै आमरण अनशनलाई स्थगित गरी आफ्ना माग र अधिकारका सम्बन्धमा वार्ता, छलफल र कानुनी बाटो अवलम्बन गर्न अनशनरत पक्षलाई समेत आयोग आग्रह गर्दछ ।'

आरक्षपीडितलाई क्षतिपूर्तिको व्यवस्था, ढक्का र तारापुरलगायत क्षेत्रका जनताको बसोबासको व्यवस्था, आरक्षपीडितलाई द्वन्द्वपीडित घोषणा, निःशुल्क स्वास्थ्य र शिक्षालगायत माग राख्दै २०८२ साउन २२ गतेदेखि रोकाया र बम आमरण अनशनमा छन् ।

यस विषयमा आयोगमा ज्ञापनपत्रसमेत प्राप्त भएको र महेन्द्रनगरका साथै कञ्चनपुरकै वाणी र लालझाडीको ढक्का शिविरमा भइरहेका रिले अनशनको आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीबाट अनुगमनसमेत भएको जनाइएको छ ।

आमरणअनशनरत व्यक्ति ज्येष्ठ नागरिक रहेको र अनशन लम्बिँदै जाँदा निजहरूको स्वास्थ अवस्था दिनप्रतिदिन नाजुक बन्दै गएको अनुगमनबाट पाइएको आयोगले जनाएको छ ।

# मच्छेगाउँमा राष्ट्रिय लाखे नाच हुने




**काठमाडौं/मस–** नेपालको मौलिक धर्म, संस्कृति र परम्पराको सम्वर्द्धन तथा संरक्षणका लागि विभिन्न संस्था र समूह निरन्तर लागिरहेका छन् । विशेषगरी युवा पुस्तालाई देशको संस्कृति, मौलिकता, नैतिकता र राष्ट्रियताको महत्वबारे जानकारी गराउने जिम्मेवारी सबै सचेत नागरिकको हुने मान्यता राख्दै, आयतित संस्कार र संस्कृतिमा रमाइरहेका युवाहरूलाई आफ्नो मौलिक कला, संस्कृति र पहिचानबारे अवगत गराउने मात्र नभइ प्रत्यक्ष अनुभव दिलाउने उद्देश्यले चन्द्रागिरी-९, मच्छेगाउँमा हरेक वर्ष लाखे नाचको आयोजना हुँदै आएको छ । यसैक्रममा, यो वर्ष पनि लाखेनाच कार्यक्रम हुने भएको छ ।

चन्द्रागिरी नगरपालिका प्रमुख घनश्याम गिरी र नगर प्रवक्ता कृष्णप्रसाद खड्गीले शुक्रबार आयोजित एक कार्यक्रममा 'राष्ट्रिय लाखे नाच प्रदर्शन सांस्कृतिक तथा सम्मान कार्यक्रम २०८२' को ब्यानर उद्घाटन गर्दै आगामी भदौ १४ गते मच्छेगाउँको भलिबल ग्राउन्डमा कार्यक्रम आयोजना हुने जानकारी गराए ।

नेपाल सांस्कृतिक कला मन्दिरका संस्थापक अध्यक्ष रमेश शाहीका अनुसार आफ्नो कला र संस्कृतिको संरक्षणका लागि वार्षिक रूपमा आयोजना हुँदै आएको लाखे नाच यस वर्ष पनि भव्य र सभ्य रूपमा सम्पन्न गरिनेछ । संस्थाले कला, संस्कृति र परम्परागत सम्पदा जगेर्नाको लक्ष्यसहित २०७३ सालबाट प्रमुख लाखे नाचको आयोजना सुरु गरेको थियो । निरन्तरतास्वरूप २०७४ सालमा 'लाखे नाच सांस्कृतिक तथा सम्मान' कार्यक्रम आयोजना गरिएको थियो, जसमा धादिङ, नुवाकोट, चरिकोट, भोजपुर, ओखलढुंगा, चितवन, गोरखा, भक्तपुर, ललितपुर र काठमाडौंसहित १४ जिल्लाबाट उल्लेखनीय सहभागिता जनाइएको थियो ।

गत वर्षका कार्यक्रमहरूमा विभिन्न क्षेत्रका व्यक्तित्वलाई सम्मान गर्ने परम्परा पनि संस्थाले कायम राखेको छ । यसअन्तर्गत अभिनेता राजेश हमाल, निखिल उप्रेति, हाँस्य कलाकार मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, केदार घिमिरे, शैलेन्द्र सिंखडा, उत्तम केसी, दिपाश्री निरौला, नृत्य निर्देशक कमल राई, कविराज गहतराज, वीरेन्द्र हमाल, कोरियोग्राफर कृष्ण रसाल, पत्रकार सानु श्रेष्ठ, गीता अधिकारी, विष्णु सुवेदी, गायिका सहिमा श्रेष्ठ, गायक पदम राईलगायत दर्जनौं व्यक्तित्व सम्मानित भइसकेका छन् ।

यस वर्षको कार्यक्रम पनि सांस्कृतिक विविधता प्रदर्शन गर्ने, परम्परागत लाखे नाचको महत्व उजागर गर्ने र प्रतिष्ठित व्यक्तित्वलाई सम्मानित गर्ने उद्देश्यका साथ सम्पन्न गरिने बताइएको छ ।

**UAE मा रोजगार** | कम्पनी: Ontime Manpower Supply | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०४/३० | चलानी नं.: ६०२४३२१२ | L.T.No.: 329455

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३८,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ भदौ ७ गते (23 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj Chowk (Near to Bhat Bhateni Supermarket), Kathmandu
Tel : 01- 4378890, 4378054
Licence No.:915/067/68

**मलेशियामा रोजगार** | कम्पनी: Asian Security Services SDH. BHD. | शहर: SELANGOR
पुन: प्रकाशित
L.T. No. 321368

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|
| १ | Security Guards | 19 | [illegible] | 1700 | ५५,२६८/- |

अन्तरवार्ता मिति: २०८२/०५/०६ गते (2025 August 22)

NAVAJEEVAN INTERNATIONAL PVT. LTD.
Tokha-11, Mahadevtar, Kathmandu, Nepal, Phone No.: 01-4954608, 9841160318
Lic. No.: 565/062/063

श्रीकृष्ण जन्माष्टमी विशेष

# श्रीकृष्ण जन्माष्टमी : धर्म, दर्शन र भक्तिको उत्सव

*श्रीकृष्ण जन्माष्टमी भगवान् श्रीकृष्णको अवतरण दिवसका रूपमा मनाइने पावन पर्व हो, जसमा भक्तजनहरूले व्रत, पूजा, भजन-कीर्तन र जाग्राम गर्दै श्रद्धापूर्वक मनाउँछन् । यो पर्व नेपाललगायत सम्पूर्ण हिन्दू समुदायमा सांस्कृतिक र आध्यात्मिक उत्सवका रूपमा उल्लासपूर्वक मनाइन्छ...*



■ विश्वनाथ खरेल

भनिन्छ कि भगवान् श्रीकृष्णको पृथ्वीमा प्रादुर्भाव भएको दिनलाई श्रीकृष्ण जन्माष्टमी भनिन्छ । यस दिनलाई वैष्णव धर्मावलम्बी, वल्लभ सम्प्रदाय, चैतन्य सम्प्रदाय, राधाकृष्ण सम्प्रदाय, श्रीकृष्ण प्रणामी सम्प्रदायलगायत अन्य हिन्दू धर्मावलम्बीहरूले विशेष महत्वका साथ व्रत बस्दै श्रद्धापूर्वक मनाउने गर्दछन् । यस दिन भक्तजनहरू उपवास बस्छन् र मध्यरातमा भगवान् श्रीकृष्णको पूजा-अर्चना गर्दै रातभर भजन, कीर्तन तथा कथा श्रवण गर्दै जाग्राम बस्छन् । श्रीकृष्ण जन्माष्टमीको दिन रोहिणी नक्षत्र र बुधवार परेमा विशेष शुभ मानिन्छ । यही नक्षत्र र बुधबारमा भगवान् श्रीकृष्णको जन्म भएको धार्मिक विश्वास रहिआएको छ ।

हाम्रो देशको सन्दर्भमा हेर्दा, कृष्ण जन्माष्टमीको अवसरमा मुलुकभरका प्राय: सबै कृष्ण मन्दिरहरूमा भक्तजनहरूको घुइँचो लाग्ने गर्छ । विशेषत: ललितपुरको मंगलबजारस्थित कृष्ण मन्दिरमा यस अवसरमा दिनभर हजारौं श्रद्धालुहरूको भीड लाग्दछ । यस मन्दिरमा दर्शन गर्न राष्ट्र प्रमुख स्वयं उपस्थित हुने प्रचलनसमेत रहिआएको छ । सो क्रममा राष्ट्रपतिले मन्दिरका पुजारीबाट टीका थापी जल तथा पुष्पप्रसाद ग्रहण गर्ने धार्मिक परम्परा रहेको पाइन्छ । त्यस्तै, उपत्यकाको हनुमानढोकास्थित अष्टकोणाकार कृष्ण मन्दिरमा पनि यस दिन भक्तजनहरूको ठूलो उपस्थिति देखिन्छ । यसै अवसरमा काठमाडौंको असनदेखि बालकुमारीसम्म विभिन्न स्थानहरूमा श्रीकृष्णका तस्बिरहरू सजाएर झुन्ड्याउने चलन पनि छ ।

श्रीकृष्णले गोपिनी र राधासित गरेको प्रेम-प्रसंगका कारण यो महिनालाई प्रेम उत्सव अर्थात् झुला उत्सवका रूपमा समेत मनाउने गरिन्छ । यसलाई पूर्वीय जगतको प्रेम दिवसका रूपमा लिइन्छ, जुन पश्चिमी सभ्यताबाट आयातित 'भ्यालेन्टाइन डे' को सांस्कृतिक प्रभावको सट्टामा हाम्रो मौलिक परम्पराको प्रेमोत्सव हो । त्यसैले श्रीकृष्ण जन्माष्टमीको दिन श्रद्धालुहरू साँझ स्नान-पूजा गरी मध्यरातमा नौनी हातमा लिएका बालकृष्णलाई वा शालिग्राम शिलालाई कोक्राभित्र राख्छन् । ठिक मध्यरातमा त्यस शिलालाई बाहिर निकालेर हर्षोल्लासपूर्वक जन्मोत्सव मनाइन्छ । यसलाई श्रीकृष्णको जन्मको प्रतीकात्मक घटनाको रूपमा लिइन्छ । त्यसपछि भगवानलाई पञ्चामृत वा शुद्ध जलले स्नान गराई श्रीखण्ड, चन्दन, तिल, अक्षता र फूल अर्पण गरी पूजा गरिन्छ । भगवानलाई वस्त्र र जनै चढाई धूप-दीप बालिन्छ र भोग अर्पण गरिन्छ । भोगमा विशेषत: हलुवा, पेढा, मिठाई, केरा, नासपाती, स्याउ आदि फलफूल राखिन्छ । त्यसपछि भजन-कीर्तनसहित आरती गरी पुष्पाञ्जली अर्पण गरिन्छ र साष्टाङ प्रणाम गरी अखण्ड दीप प्रज्वलित गरिन्छ । यसैगरी रातभर श्रीकृष्णको भजन-कीर्तन गाएर जाग्राम बस्ने परम्परा छ ।

भगवान् श्रीकृष्ण पौराणिक ग्रन्थहरूमा मात्र नभई ऐतिहासिक पुरुष पनि हुन् भन्ने चर्चा चल्न थालेको छ । भगवान श्रीकृष्णसँग सम्बन्धित तिथि-मितिबारे संस्कृतिकर्मी नुतनधर शर्माले एक सांस्कृतिक पत्रिकामार्फत केही तथ्यहरू प्रस्तुत गरेका छन् । उनका अनुसार श्रीकृष्णको जन्म मथुरा नगरीमा भाद्र कृष्ण अष्टमीको दिन ३२२८ ईसा पूर्वमा भएको हो । उहाँले १२५ वर्षको उमेरमा फागु पूर्णिमाको दिन अर्थात् फेब्रुअरी १८, ३१०२ ईसा पूर्वमा देहत्याग गर्नुभएको थियो । यही दिनदेखि कलियुगको आरम्भ भएको मानिन्छ । अर्का विद्वान् विश्वनाथ चक्रवर्तीका अनुसार भगवान श्रीकृष्णले जीवनका सुरुवाती ३ वर्ष ४ महिना गोकुलमा, त्यसपछिका केही वर्ष वृन्दावन, नन्दग्राम र द्वारकामा बिताउनुभएको थियो ।



अत: पृथ्वीमा पूर्णब्रह्म श्रीकृष्णले मानव जीवनमाथि कृपा बर्साउने उद्देश्यले अनेक प्राणीहरूको रूप लिएर अवतरण गर्नुभएको धार्मिक मान्यता छ । जब श्रीकृष्णको हृदयमा मनुष्यप्रति अहैतुकी कृपा गर्ने इच्छा हुन्छ, तब स्वयं भगवान् श्रीकृष्णले कुनै अवतारको रूपमा नभई प्रत्यक्ष नन्दबाबा र यशोदा मैयाको घरमा नर-लीला गर्न मनुष्यका रूपमा जन्म लिने गर्नुहुन्छ । यसैले, कंशको अत्याचारबाट मथुरा र मथुरावासीलाई मुक्त गराउन तथा भगवद्गीतामा वर्णित जीवनोपयोगी धर्मदर्शन संसारलाई दिनका लागि श्रीकृष्णको अवतार भएको हो भन्ने कुरामा दुईमत छैन ।

भगवान् श्रीकृष्णको पावन अवतार भगवान् चैतन्य महाप्रभुले कलिकालका जीवहरूको कल्याणका लागि विशेष रूपमा भगवान्को नाम संकीर्तनको शिक्षा दिनुभएको हो । वास्तवमा साधनाहरूमा भगवान्को नामजस्तो सरल, श्रेष्ठ र सुलभ साधना अरू छैन, जसले भक्तिलाई प्रेममा रूपान्तरण गर्दछ । यही नाम-स्मरण शास्त्रमा प्रेम-प्राप्तिको परम उपायको रूपमा मानिएको छ । आज संसारभर धेरै मानिसहरूले दु:ख भोग्नुको मूल कारण नै यही भगवत्स्मरणबाट टाढा हुनु हो । त्यसबाट मुक्त हुने एकमात्र उपाय श्रीकृष्णको शरणागति नै हो । यही शरणागतिको भावनामा आधारित रही वासुदेव र देवकीको आठौँ गर्भबाट भगवान् विष्णुको आठौँ अवतारका रूपमा श्रीकृष्णको जन्म भएको धार्मिक विश्वास रहिआएको छ ।

जसरी कंशले देवकी र वासुदेवलाई जेलमा कैद गरेर राखेका थिए, त्यही अवस्थामा श्रीकृष्णको जन्म भएको थियो । चारैतिर सैनिक सुरक्षा रहे पनि भगवान् विष्णुको मोहिनी शक्तिका कारण श्रीकृष्ण जन्मिने बेला सबै सैनिकहरू गहिरो निद्रामा थिए । त्यही बेला वासुदेवलाई 'नवजात शिशु श्रीकृष्णलाई वृन्दावनस्थित मित्र नन्दको घरमा पुऱ्याऊ' भन्ने आकाशवाणी भएको थियो । यही मोहिनी शक्तिका प्रभावले गर्दा यो रातलाई मोहरात्रि पनि भनिन्छ । वासुदेवले नन्दको घरमा श्रीकृष्णलाई पुऱ्याएर, त्यही रात नन्द पत्नी यशोदाको गर्भबाट जन्मिएकी बालिकालाई लिएर फर्किएपछि मात्र सैनिकहरू ब्युँझिएको महाभारतमा उल्लेख गरिएको छ ।

श्रीकृष्णले पापका प्रतीक मामा कंशको वध गरी हजुरबा उग्रसेन तथा आफ्ना माता-पिता देवकी र वासुदेवलाई जेलमुक्त गराउनुभयो । यसै घटनाको स्मृतिमा अन्याय, अत्याचार र दानवी प्रवृत्तिबाट मानव जातिलाई सुरक्षित राख्ने उद्देश्यले भगवान् विष्णुले मानिसको रूप लिई श्रीकृष्णको रूपमा जन्म लिनुभएको धार्मिक भावनाको सम्मानस्वरूप श्रीकृष्ण जन्माष्टमी पर्व मनाइन्छ । श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव जातिलाई प्रेरणा दिनुभयो । कौरव र पाण्डवबीच कुरुक्षेत्रमा भएको धर्मयुद्धमा अर्जुनको सारथिका रूपमा रहँदै युद्धका माध्यमबाट सत्य पक्षमा दृढ रहन प्रेरणा दिनुभयो । यही युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई दिनुभएको उपदेश नै श्रीमद्भगवद् गीता हो, जसलाई हिन्दूहरूको अत्यन्त पवित्र ग्रन्थको रूपमा लिइन्छ ।

# गीता र श्रीकृष्ण



■ अच्युतप्रसाद पौडेल 'चिन्तन'

*कर्म, ज्ञान र भक्ति गीताका मूल सन्देश हुन् र कृष्णको सन्देश असत्यमाथि सत्यको विजय हो । असत्यका प्रतीक कंसविरुद्ध श्रीकृष्णले युद्ध छेडे, विजय प्राप्त गरे । त्यसैमा सीमित नरही, महाभारत रचेर अशान्तिका काला बादलको अन्त्य गरे, गीताको उपदेश दिए, व्यावहारिक बन्न सिकाए...*

हामी अहिले श्रीकृष्ण जन्माष्टमी मनाउँदै छौं । यस सन्दर्भमा श्रीकृष्णले प्रदान गरेको गीताको रहस्य बुझ्न पनि आवश्यक छ । कर्म, ज्ञान र भक्ति गीताका मूल सन्देश हुन् र कृष्णको सन्देश असत्यमाथि सत्यको विजय हो । असत्यका प्रतीक कंसविरुद्ध श्रीकृष्णले युद्ध छेडे, विजय प्राप्त गरे । त्यसैमा सीमित नरही, महाभारत रचेर अशान्तिका काला बादलको अन्त्य गरे, गीताको उपदेश दिए, व्यावहारिक बन्न सिकाए । गीतामा भनिएको छ- यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत, अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।

भाद्र महिनालाई 'भलो काम गर्न प्रेरित गर्ने मास' भनिन्छ । यसलाई सेवाकर्ममा सहभागी हुने समयको रूपमा बुझ्न सकिन्छ । ज्ञान, कर्म र भक्ति योगका उपासक सर्वेश्वर श्रीकृष्ण यही समयमा आमाको कोखबाट जन्मिएका थिए । ज्ञान मस्तिष्क हो; तर विवेकविहीन हृदयबाट प्रयोग गरिने ज्ञानले विज्ञानको दुरूपयोग गराउँछ । विज्ञानको अनुचित प्रयोग भइरहेका यस्ता समयहरू पनि यही भाद्र महिनामा परेका छन् ।

गीताले भनेको छ- कर्म गर, फलको आशा नगर । मानव रूपी अर्जुनलाई ईश्वर रूपी श्रीकृष्णले भनेका छन्- युद्ध गर, तर तिमी नायक होइनौ, म हुँ; जे हुन्छ, मबाटै हुन्छ । मलिन बनेका अर्जुनलाई निमित्त बनाएर संसारको भार हरण गरेका श्रीकृष्ण शस्त्र मात्र होइन, शास्त्रका ज्ञाता पनि थिए । त्यसैले उनले संसारलाई कर्म, ज्ञान र भक्तिको त्रिवेणी नै जीवनको सार हो भन्ने सन्देश दिए ।

स्थूल जगत नबुझी, सूक्ष्म जीवन बुझिँदैन । जीव र जगतको दोसाँध नै जीवन हो, त्यो पनि मानव जीवन । जीवनमा जे छ, जगतमा त्यही छ–केवल थोरै र धेरैको मात्रा फरक छ ।

सन् १९४५ अगस्ट ६, बिहान ठीक ८:१५ बजे–संसारले कल्पनै नगरेको घटना भयो । सुपर पावर अमेरिकाको युद्धक विमानले जापानमा बम खसाल्यो । १ लाख ४० हजार मानिसको तत्काल मृत्यु भयो । विकिरणबाट थप १ लाख ४ हजार जनाको अकाल मृत्यु भयो । युद्धअघि र पछि गरी झन्डै २ लाख ५० हजार मानिस मारिए । हिरोसिमा सहरमा खसालिएको उक्त बम २० हजार टिएनटी बराबरको थियो, नाम थियो 'लिटिल ब्वाइ' । युरेनियम-२३५ रासायनिक तत्वले भरिएको यो शस्त्र केवल १० फिट लामो थियो । बमलाई 'इनोलागे' नामक बी-२९ बमवर्षक विमानबाट खसालिएको थियो ।

अब समयले थप कोल्टे फेरेको छ । जैविक र आणविक हतियारको होडबाजी र प्रयोग भइरहेको छ, केवल एक मानवले अर्को मानवलाई नष्ट गर्न । बम जत्तिकै शक्तिशाली अदृश्य कोरोनाले लाखौं मानिसलाई निलेको समय धेरै टाढा छैन । त्यतिबेला पनि अमेरिका सबैभन्दा बढी प्रभावित राष्ट्र बन्यो । अहिले पनि शस्त्रास्त्रको प्रयोग युक्रेन, इजरायललगायत थुप्रै ठाउँमा भइरहेको छ । पछिल्ला १० वर्षमा २० हजारभन्दा बढी मानिस युद्धमा ध्यानस्थ भएजस्तै नब्युँझने गरी सिधिए ।

आज हामी धान्नै नसक्ने महँगीको त्रासमा परेका छौं, यो पनि एक प्रकारको युद्ध नै हो । जसले बुद्ध र पशुपतिनाथ देखेको छ, सर्जक विष्णुको प्रतिमूर्ति श्रीकृष्णको गाथा सुनेको छ– त्यसले आजभन्दा ५ हजार १ सय २६ वर्षअघि कलियुगको आरम्भदेखिको सत्ता र शक्तिको दुरुपयोग पनि देखिरहेको छ । महाभारतको विभीषिकाबाट ब्युँझिएको मानवले श्रीकृष्णको पावन गाथा आज पनि भुलेको छैन ।

संसारमा शान्तिको सन्देश दिन्छु भन्ने संयुक्त राष्ट्रसंघका लागि युक्रेन, रसिया, चीन, ताइवान, सिरिया, इजरायल, अफगानिस्तान, बङ्गलादेश मात्र होइन, श्रीलंका पनि 'मसला' बनेका छन् । मस्तिष्कको दुरूपयोग गरेर प्राप्त ज्ञानको के काम, यदि विवेक छैन भने ? यही पृथ्वीमा सेप्टेम्बर ११ जस्ता आतंक जन्मिए, विन लादेन जन्मिए, ट्विन टावर जले, आज पनि सम्झिँदा आङ जिरिंग हुन्छ ।

चीन, अमेरिका, रसिया जस्ता राष्ट्रप्रमुखहरू भ्रमणमा निस्कँदा कालो झोला बोक्ने गरेका छन् रे ! ती झोलामा कति परमाणु बम बराबरको शक्ति छ–कोही जान्दैन । पहिलो र दोस्रो महायुद्ध भइसके, तर तेस्रो महायुद्धको छनक देखिएको छ । अब युद्ध पानी र अन्नका लागि हुन सक्छ । आखिर हतियार बनाएपछि प्रयोग नभए 'खिया लाग्छ' भन्ने सोच पनि हो ।

बुद्धको विवेक र कृष्णको गीतामृतको दुरुपयोग किन भइरहेछ ? विज्ञान मानिसको मस्तिष्कको उपज हो भने मस्तिष्कको पिता त सर्जक ईश्वर नै हुन् । धर्ती उनकी माता, धर्तीका सम्पूर्ण प्राणी उनका सन्तति हुन् । त्यसैले श्रीकृष्णले भागवतमा भनेका छन्– 'अहं सर्वेषु भूतेषु' अर्थात्, म सबै प्राणीमा छु ।

मान्छे पढ्छ, तर पढेपछि भुसुक्कै बिर्सिन्छ । संसारको अहिलेसम्मको प्रगति यही हो । र त, आज मान्छे कसैसित डराइरहेको छ भने त्यो मान्छेबाटै हो । हिँस्रक प्राणीभन्दा बढी पीडा आजको मानवलाई मानवबाटै भइरहेको छ ।

कविता

## कृष्णगाथा : धर्मको दीप



जनक बराल


गोकुलको बिहानी उज्यालो, सुर्यको सुवास,
बाँसुरीको मिठो तान, मनमा अनन्त आस ।
नन्दलालको हाँसोले, आकाश रमायो,
यमुना किनारमा प्रेमको राग बजायो ॥

राधाको मुस्कान, निर्मल जलको धार,
कृष्णको हृदयमा बस्यो करुणा अपार ।
माखन चोर्ने खेल, बालपनको लहर,
तर, अन्तरमा थियो सत्यको आधार ॥

कंसको अत्याचार, मथुरामा छायो,
धर्मको योद्धाले अन्याय हटायो ।
द्वारिकाको दरबारमा बुद्धिको प्रकाश,
शान्ति र न्यायमा सदैव विश्वास ॥

कुरुक्षेत्रको रण, गर्जन र घमासान,
कौरव-पाण्डव भिड, अधर्मको तूफान ।
अर्जुनको धनुष झर्‍यो, आँखा भयो भिज,
मनमा संशय, हृदय भयो निस्सहज र भीज ॥

'हे माधव, कसरी लडूँ आफ्नै रक्तसँग ?'
अश्रुका छालमा डुब्यो मनको रंग ।
कृष्ण मुस्काए, वाणीको दीप जलाए,
सत्य र कर्तव्यको मन्त्र सुनाए–



'कर्म तिमी गर, फलमा मोह नगर,
धर्मको बाटो समात, संशयलाई टाढा गर ।
आत्मा न त जन्मिन्छ, न कहिले नाश,
शरीर बदलिन्छ, चेतनाको बास ।'

यो वाणी सुनि अर्जुन उठे दृढ,
धर्मका लागि लडे, मोह भयो क्षीण ।
कृष्णको शिक्षा– सहनशीलता र विवेक,
अधर्मको सामना, सत्यको टेक ॥

मायाले जित्ने, तर सत्यमा अडान,
शान्त मुस्कान, बुद्धिको उडान ।
रणमा उनले अस्त्रको धार नदेखाए,
तर ज्ञानको बाणले अन्धकार भगाए ।

गीताको प्रत्येक श्लोक जस्तै अमृत,
जीवनको बाटो, सत्यको मित्र ।
'मन जित्न सक्ने, जग जित्छ सारा,
अहंकारले त टुट्छ हृदयको तारा ।'

आज पनि जीवनमा रणभूमि छ,
लोभ र मोहको जालले घेरेको पृष्ठ ।
त्यसैबेला सम्झ, कृष्णको त्यो वाणी,
धर्म र सद्भावको अविनाशी पानी ॥

हे गोपाल, हे मुरलीधर,
तिम्रो शिक्षा अमर रहोस् हरपलभर ।
महाभारतको रण होस् कि मनको मैदान,
तिम्रो गीता नै हो हाम्रो साँचो निदान ॥

बाँसुरीको स्वर, धर्मको उज्यालो,
तिम्रो मुस्कान सधैं रहोस् संसारको प्यालो ।
गोकुलदेखि कुरुक्षेत्रसम्मको कथा,
कृष्ण तिमी हो अमर, युगौंको व्यथा ॥

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
गो.द.का.द.नं. ३३/०६९/०७०
३१ साउन २०८२ शनिबार
16 August 2025 Saturday



## विजय बरालको कला-यात्रा
# सारङ्गीको स्वरबाट स्टारडमसम्म

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० साउन

काठमाडौंको हलमा दर्शकहरू आँखा पुछ्दै थिए । पर्दामा देखिएका दृश्यहरूले उनीहरूको मन छुन्थ्यो– एउटा बुबा, सारङ्गीको तारमा आफ्ना सपनाहरू बाँधेर छोरालाई डाक्टर बनाउन दौडधुप गरिरहेको । त्यो बुबा थिए पूर्णबहादुर गन्धर्व । र, यो पात्रलाई आत्मामा उतारेर जिउँदो बनाउने कलाकार थिए विजय बराल ।

गत वर्ष प्रदर्शनमा आएको 'पूर्णबहादुरको सारङ्गी'ले न केवल बक्स अफिसमा झन्डै ४७ करोड कमाइ गर्दै कीर्तिमान बनायो, बरु विजय बराललाई पनि लोकप्रियताको उच्चतम शिखरमा पुऱ्यायो । सहायक भूमिकामा व्यस्त बरालले पहिलो पटक मुख्य भूमिकामा पाएको मौका उनले यस्तो प्रभावका साथ उतारे, जसले उनको कलाकारितालाई दर्शकको हृदयमा गहिरो स्थान दिलायो ।

विजयको कथा कुनै चटपटे सफलता-कथा होइन, बरु एउटा लामो र धैर्यपूर्ण यात्रा हो । सर्लाहीको लालबन्दी नगरपालिका, एउटा साधारण परिवेशमा जन्मेका उनी बाल्यकालमा डाक्टर बन्ने सपना बोकेका थिए । विद्यालयमा पढ्दै गर्दा उनले सुनेको 'ढोका खोल पोष्टे कि आमा' भन्ने गीतले भने उनको जीवनको दिशै मोडिदियो । गीतको शब्द, स्वर र दृश्यमा हराउँदै उनले कलाकारिताप्रतिको आकर्षण महसुस गरे ।

कक्षामा शिक्षकहरूको हाउभाउदेखि स्थानीय नेतासम्मको नक्कल गरेर साथीहरूलाई रमाइलो पार्ने बानीले उनीभित्र अभिनयको बीज रोप्यो । पहिलोपटक मञ्चमा चढ्दा, नेताहरूको आवाजको नक्कल र हास्यनृत्यले ताली बटुलेर उनले बुझिसकेका थिए– यस बाटोमा केही गर्न सकिन्छ ।

एसएलसी सकेपछि उनले फेरि डाक्टर बन्ने सपना बोकेर काठमाडौंको अमृत साइन्स क्याम्पसको ढोका ढक्ढक्याए । तर समयमै फारम नपुऱ्याउँदा योजना बिथोलियो, उनी गाउँ फर्किएर व्यवस्थापन पढे । पढाइ सकेपछि, योपटक डाक्टर होइन, हास्य कलाकार बन्ने निश्चयका साथ काठमाडौं फर्किए ।

त्यसपछि उनको भेट भयो चर्चित हास्य कलाकार शिवशंकर रिजालसँग, जसले उनलाई 'गाईजात्रा'का प्रहसन र प्यारोडीमा स्थान दिए । तर जुनसुकै कार्यक्रममा भाग लिए पनि, विजयको मन मख्ख थिएन । उनलाई लाग्थ्यो– अझ गहिरो, अझ गम्भीर कला सिक्नुपर्छ ।

अभिनयको वास्तविक गहिराइ बुझ्ने मोड आयो गुरुकुलमा । व्यवस्थापक दीपेश भण्डारीको सुझावमा उनले भारतको नेशनल स्कुल अफ ड्रामाको ४५ दिने तालिम लिए, जसले उनको सोच बदलिदियो । अभिनय पोखरी होइन, महासागर रहेछ भन्ने बोध भयो ।

त्यसपछि नाट्यकर्मी राजन खतिवडासँगको भेटबाट उनी मण्डला नाटक समूहसँग जोडिए । सुरुमा सेट डिजाइन र प्रकाश व्यवस्थापनजस्ता काम गर्दै, शून्यबाट सिकाइ सुरु गरे । मण्डलाका कलाकारहरूका संघर्ष र अनुशासन देख्दै उनले धैर्यता र मिहेनतको पाठ सिके ।

राष्ट्रिय नाचघरमा प्रशिक्षणका दौरान उनले 'अन्धो युग' नाटकमा पहिलो ठूलो प्रस्तुति दिए । त्यसपछि चरण दास चोर नाटकमा मुख्य भूमिका पाए, जसले उनलाई धेरै दर्शकसम्म पुर्‍यायो ।

चलचित्रमा भने प्रवेश भयो 'छड्के'बाट– सानो भूमिका भए पनि, वरिष्ठ कलाकार सुनिल पोखरेलले आफ्नै संवाद दिने उदारताले उनलाई ठुलो हौसला दियो । त्यसपछि कबड्डीमा 'विके'को पात्रले उनलाई चलचित्र क्षेत्रमा चिनायो । अभिनयसँगै उनले 'कस्ट्युम'को जिम्मा पनि सम्हाले ।

विजयका लागि 'पूर्णबहादुरको सारङ्गी' टर्निङ प्वइन्ट भयो । निर्माता विनोद पौडेलले दिएको प्रस्ताव स्वीकार्न उनलाई दुई हप्ता लाग्यो– मुख्य भूमिकाको जिम्मेवारी र चुनौती दुवै तौल गर्दै । अन्ततः उनले आँट गरे र पात्रलाई जीवन्त बनाउन १० दिनसम्म गन्धर्व समुदायसँग रहेर हाउभाउ, बोल्ने तरिका र सारङ्गीको तालिम लिए ।

उनको मिहिनेत पर्दामा देखियो । दर्शकले उनलाई पूर्णबहादुरमै देखे, विजय बरालका रूपमा होइन ।

सफलतापछि धेरै कलाकार घमण्डी बन्ने धारणा छ, तर विजय त्यसबाट टाढा छन् । उनी भन्छन्, 'यो सफलता क्षणिक हो भन्ने मैले बुझेको छु । मभन्दा सफल दयाहाङ राईजस्तो कलाकारलाई दम्भ छैन भने, मलाई कसरी हुन्छ ?'

उनको लक्ष्य अब पनि समान छ– नाटक र चलचित्र दुवैमा सन्तुलन राख्दै निरन्तर सिर्जना गर्दै जानु ।

उनको नयाँ चलचित्र 'जनै हराएको मान्छे' पारिवारिक र भावनात्मक कथा हो, जसमा छुटेका सम्बन्ध गाँस्ने पात्रको संघर्ष छ । विजयका अनुसार, यसमा दर्शकले आफ्नो परिवारको प्रतिविम्ब देख्नेछन् ।

विजय बरालको यात्रा एउटा सन्देश हो– जहाँबाट सुरु गरे पनि धैर्य, लगाव र इमानदारीले आफ्नो स्थान बनाउन सकिन्छ । सर्लाहीको साधारण युवक, जसले सारङ्गीको तारमा आफ्ना सपनाहरू बजाए, आज हजारौं दर्शकको मनमा आफ्ना भावनाहरू गुञ्जाइरहेका छन् ।

# राधा अवतारमा गायिका भारती



**काठमाडौं/मस–** गायिका सरिता भारतीले कृष्ण जन्म अष्टमीको अवसर पारेर 'राधा'को भेषमा फोटोसुट गरेकी छन् । उनी भगवान कृष्णको प्रेमिका राधाको अवतारमा तस्बिरमा प्रस्तुत भएकी हुन् । कृष्ण जन्म अष्टमीको अवसर पारेर सबैलाई शुभकामनासहित आफू यो अवतारमा तस्बिरमा प्रस्तुत भएको सरिताले बताइन् ।

विगत एक दशकदेखि गायनमा सक्रिय सरिताले गत साता मात्र आफ्नै एसबी क्रियसन नेपाल युट्युब च्यानलबाट नयाँ तिज गीत 'नाच्न दे' सार्वजनिक गरेकी थिइन् । आफ्नो स्वरमा करिब दुई दर्जन गीत बजारमा ल्याइसकेकी सरिताको यही भदौ ११ गते झरीसम्बन्धी नयाँ लोक गीत बजारमा आउँदैछ ।

अग्रज गीतकार डब्बु क्षत्रीको शब्द र ओम सुनारको संगीतमा झरीसम्बन्धी यो लोक गीत बजारमा आउन लागेको उनले जानकारी गराइन् । यतिबेला अरु नयाँ दुई वटा गीत रेकर्डको तयारीमा रहेकी सरिताले तिजको अवसरमा भदौ १ गते आयोजना हुने तिज क्विन विशेष कार्यक्रममा आफ्नो सांगीतिक प्रस्तुति दिने भएकी छन् ।

# 'होस्टेल ३' भारतमा प्रदर्शन हुने

**काठमाडौं/मस–** नेपालमा ५१ दिनसम्म प्रदर्शन भई चार करोडमाथिको व्यावसायिक सफलता हासिल गरेको नेपाली फिल्म 'होस्टेल ३' अब भारतका विभिन्न सहरमा प्रदर्शन हुने भएको छ ।

सशान कँडेलको निर्देशनमा बनेको यो फिल्म आगामी सेप्टेम्बर ५ (भदौ २० गते)देखि सिक्किम, दार्जिलिङ, सिलगुडी, गुवाहाटी, आसाम, मणिपुर, सिङ्तामसहितका ५० भन्दा बढी हलमा एकैपटक प्रदर्शनमा आउन लागेको हो । भारतमा फिल्मको वितरण जिम्मा गोर्खा फिल्म प्रोडक्सन र सुपर सिनेमाले लिएका छन् । निर्माण पक्षका अनुसार मुख्य कलाकार पदम तामाङ सिक्किम निवासी भएकाले सो क्षेत्रमा फिल्मको माग उच्च देखिएको छ ।

# 'राम नाम सत्य'को शुभमुहूर्त



**काठमाडौं/मस–** ललितपुर स्थित बंगलामुखी मन्दिरमा बिहीबार एक विशेष समारोहसहित एक्सनप्रधान फिल्म 'राम नाम सत्य'को औपचारिक शुभमुहूर्त गरिएको छ । कोरियोग्राफरको रूपमा परिचित माइकल चन्दको निर्देशनमा बन्ने यो फिल्मको प्रदर्शन मिति पनि सार्वजनिक गरिएको छ । निर्माण टिमले फिल्मलाई आउँदो चैत २७ गते (नयाँ वर्षको छेको पारेर) देशभर प्रदर्शन गर्ने योजना बनाएको छ ।

शुभमुहूर्तको अवसरमा क्यामेरा पूजा गरी मुहूर्त पूजापछि मुख्य अभिनेता विराज भट्टको एक दमदार पोस्टर सार्वजनिक गरियो । पोस्टरमा भट्टलाई रगताम्मे अवस्थामा, हातमा रगत पोतिएको लौरो समातेका र चुरोट तानिरहेका एङ्री अवतारमा देखाइएको छ । वरिपरि लासको लस्कर र उल्टो झुन्ड्याइएका मानिसहरूको पृष्ठभूमिले फिल्ममा उनको पात्र हिंसक र आक्रमक हुने संकेत स्पष्ट दिन्छ ।

निर्माणपक्षका अनुसार फिल्मको छायांकन केही दिनमै काठमाडौंबाट सुरु हुनेछ भने केही महत्वपूर्ण दृश्य चितवनमा खिचिने छन् । फिल्ममा विराज भट्टसँगै सुशील श्रेष्ठ, आयुष सिंह ठकुरी, सुपुष्पा भट्ट, दिव्या रायमाझी, खुशी कार्की, सुनिल थापा, अर्पण थापा, कनिज कोइराला, रवि गिरी र दिनेश डीसीको प्रमुख भूमिका रहनेछ ।

फिल्मको निर्माण उपेन्द्र शाही र श्वेता विमलीले गर्दैछन् । किशोर भट्ट र डा. डी आर उपाध्याय कार्यकारी निर्माता हुन् । मोती कार्की क्रियटिभ निर्माता, राजेन्द्र आचार्य लाइन प्रोड्युसर, विदुषी थापा प्रोडक्सन डिजाइनर, तेज विक्रम केसी प्रोडक्सन म्यानेजर, संझना राई मेकअप आर्टिस्टका रूपमा रहेका छन् ।

निर्देशक माइकल चन्दकै कथा तथा पटकथामा आधारित यो फिल्ममा सञ्जय लामाको छायांकन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, अर्जुन पोखरेल, बाबुल गिरी, एसडी योगी र नवाज अन्सारीको संगीत, विक्रम स्वाँर र सियोन श्रेष्ठको कोरियोग्राफी रहनेछ । निरज ठकुरी क्रियटिभ निर्देशक, नविन जंग शाही कास्टिङ निर्देशक, राजेन्द्र मोक्तान कलरिस्ट, विवेक बस्याल फोटोग्राफर र विजय बस्याल पोस्टर डिजाइनरका रूपमा टिममा छन् ।

शुभसाइत कार्यक्रममा बोल्दै निर्देशक चन्दले 'राम नाम सत्य' आफ्नो सपना पूरा गर्ने प्रोजेक्ट भएको बताए । म्यूजिक भिडियो निर्देशनको लामो अनुभव रहेका चन्दको यो निर्देशनमा पहिलो प्रवेश हो ।


## टेनेक्स हाइड्रो होल्डीङ्ग लिमिटेडको
### आ.व २०८१/०८२ को वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८२/०४/३१**

आदरणीय शेयरधनी महानुभावहरू
यस कम्पनीको मिति २०८२/०४/१९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व २०८१/०८२ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरूमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनिहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारणसभा हुने मिति, स्थान र समय**
मिति : २०८२/०४/२१ गते
स्थान : होटल भादगाँउ, भक्तपुर
समय : बिहान ११:०० बजे

**सामान्य प्रस्तावहरु**
१. आ.व २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. कम्पनीको शेयर लागत अद्यावधिक गर्ने ।
३. आ.व २०८१/०८२ को नाफा नोक्सान, हिसाब किताब, नगद प्रवाह विवरण पारित सम्बन्धमा ।
४. सञ्चालक समिति

**विशेष प्रस्तावहरू**
१. कम्पनीको शेयरको प्राथमिक सार्वजनिक निष्काशन (IPO)गर्ने र सोको अख्तियारी दिने सम्बन्धमा ।
२. कम्पनीको शेयरको प्राथमिक सार्वजनिक निष्काशन (IPO) लगायत अन्य आवश्यक कार्यका लागि विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड लगायत अन्य निकायहरूसंग अनुमति लिने र सोको अख्तियारी दिने सम्बन्धमा ।
३. लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. सञ्चालकहरुलाई बाधा अड्काउ फुकाउको लागि अख्तियारी दिने ।
५. प्रथम सञ्चालक समिति चयन गर्ने ।
५. विविध

**साधारणसभा सम्बन्धि सामान्य जानकारी**
१. सभामा उपस्थित हुने शेयरधनीले अनिवार्य रूपमा नागरिकताको प्रमाणपत्र वा आफ्नो फोटोसहित परिचय स्पष्ट खुल्ने आधिकारिक प्रमाणपत्र सहित साधारणसभामा भाग लिन अनुरोध छ ।
२. शेयरधनीको दस्तखतका लागि शेयरधनी उपस्थिति पुस्तिका दिनको १० बजेबाट खुल्ला गरिने छ ।
३. साधारणसभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहाने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।
४. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ ।
५. कुनै शेयरधनि महानुभावले छलफलका विषयहरु विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै सञ्चालक समितिको अध्यक्ष समक्ष लिखित रूपमा प्रस्ताव पेश गर्नु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारणसभामा छलफल वा पारित गर्नका लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।
६. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको Email: tenxhydroholding@gmail.com मा वा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय बानेश्वर-३१, काठमाडौं,फोन नं. ०१-५९२४२७९ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**सञ्चालक समिति**



## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय नक्सालको २१ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८२/०४/३१ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल जेठ महिना ७ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

**ऋणीको नाम, थर र ठेगाना :**
रन बहादुर गिरीको नाति, लोक बहादुर गिरीको छोरा, सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स/उ.म.न.पा वडा नं. ४ बस्ने **हरि गिरी** ।

**व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :**
रन बहादुर गिरीको नाति, लोक बहादुर गिरीको छोरा, सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं. १५ बस्ने **लक्ष्मण गिरी** ।

**धितो सुरक्षणको विवरण :**
धनी सानिमा बैंक लिमिटेड (ऋणी हरि गिरी) को नाममा प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, साना ठूला सवारी, बागमती प्रदेश, ललितपुर, नेपालमा दर्ता रहेका निम्न बमोजिमका गाडी :

| क्र.सं. | सवारी नम्बर | ईन्जिन नम्बर | च्यासिस नम्बर | मोडल | बनेको वर्ष |
|---|---|---|---|---|---|
| १. | प्रदेश ३-०१ ०२२ च ८८१४ | 0.8LTDICRAIL10HPYSB2723 | MAT535102KZR42862 | ACE MEGA | २०१९ |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :**
१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा यस बैंकको कुनै पनि शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा यस बैंकको कुनै पनि शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल भाद्र महिना २० गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**
**मिति : २०८२ साल भाद्र महिना २३ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**